# कर बुलेटिन
Tax Bulletin

http://www.ird.gov.np

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष १, अङ्क ६, २०६९/७० चैत्र-वैशाख Vol 1, Issue 6, April 2013


## चैत्र मसान्तसम्म लक्ष्यभन्दा बढी राजस्व संकलन

आ. व. २०६९/७० चैत्र सम्मको राजस्व संकलन विवरण

( रु. लाखमा)

| शीर्षक | २०६९/७० चैत्रसम्म लक्ष्य | २०६९/७० चैत्रसम्म असुली | प्रगति (%) | २०६८/६९ चैत्र सम्मको असुली | गत आ.व.को तुलनामा प्रगति (%) |
|---|---|---|---|---|---|
| आयकर | ४५०५६३ | ४८२६१८ | १०७ | ३६८००९ | १३१ |
| मूल्य अभिवृद्धि कर | २१६४०० | २०२८४५ | ९४ | १८४२८७ | ११० |
| अन्त:शुल्क | १६६२४३ | १४९९८४ | ९० | १३८००१ | १०८ |
| शिक्षा सेवा शुल्क | २१९७ | २४२६ | ११० | १६९४ | १४३ |
| **जम्मा** | **८३५४०३** | **८३७८७३** | **१००** | **६९१९९१** | **१२१** |

आन्तरिक राजस्व विभागअन्तर्गत चालु आ.व. २०६९/७० को चैत्र महिनासम्ममा जम्मा रु. ८३ अर्ब ७८ करोड ७३ लाख राजस्व संकलन भएको छ। उक्त रकम गत आ. व. २०६८/६९ को सोही अवधिको तुलनामा २१ प्रतिशतले बढी हो। यस अवधिका लागि निर्धारित लक्ष्य रु. ८३ अर्ब ५४ करोड ३ लाखको तुलनामा संकलित राजस्व रु. २४ करोड ७० लाखले बढी हो। शीर्षकगत रूपमा हेर्दा यस अवधिमा आयकर, मूल्य अभिवृद्धि कर, अन्त:शुल्क र शिक्षा सेवा शुल्क क्रमश: ४८ अर्ब २६ करोड १८ लाख, २० अर्ब २८ करोड ४५ लाख, १४ अर्ब ९९ करोड ८४ लाख र २४ करोड २६ लाख संकलन भएको छ। निर्धारित लक्ष्यको तुलनामा आयकर र शिक्षा सेवा शुल्कको संकलन लक्ष्यभन्दा बढी भएको छ भने मूल्य अभिवृद्धि कर र अन्त:शुल्कको संकलन लक्ष्यभन्दा केही घटी भएको छ।




## स्वाधीन अर्थतन्त्र निर्माण गर्न आन्तरिक राजस्व परिचालन थप प्रभावकारी बनाइने


माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोइराला

माननीय अर्थमन्त्री श्री शंकर प्रसाद कोइरालाले नेपालको समग्र श्रोत व्यवस्थापनमा आन्तरिक राजस्व विभागको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्नुहुँदै स्वाधीन अर्थतन्त्र निर्माणका लागि आन्तरिक राजस्व परिचालनलाई थप प्रभावकारी बनाउन जरुरी भएको विचार व्यक्त गर्नुभएको छ।

यही चैत्र ११ गते आन्तरिक राजस्व विभागको निरीक्षण भ्रमणका क्रममा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय अर्थमन्त्री श्री कोइरालाले उक्त कुरा बताउनुभएको हो। नेपालको अर्थतन्त्र आयातमुखी भएतापनि त्यसैलाई आधार लिएर देशको आर्थिक वृद्धि उच्च पार्नु नै अहिलेको आवश्यकता रहेको कुरामा जोड दिनुहुँदै माननीय अर्थमन्त्री श्री कोइरालाले बर्तमान सरकारको man-date सीमित भएतापनि आर्थिक विकासको दायित्वबाट अर्थ मन्त्रालय विमुख नहुने विचार व्यक्त गर्नुभयो। सम्बोधनका क्रममा उहाँले आन्तरिक राजस्व विभागले अवलम्बन गरेको सूचना प्रविधिको स्तर अत्यन्तै राम्रो रहेको बताउनुहुँदै आय विवरण e-filing का साथसाथै राजस्व दाखिलामा Any Branch Banking System लाई पनि सँगसँगै विस्तार गर्दै लानुपर्ने आवश्यकता औंल्याउनुभयो। कर छली र आर्थिक अपराध नियन्त्रणमा विभागको अग्रसरताको प्रशंसा गर्नुहुँदै माननीय अर्थमन्त्री श्री कोइरालाले विभागबाट हुने अनुसन्धान शालीन तर प्रभावकारी हुनुपर्नेमा जोड दिनुभयो। सो कार्यमा सहयोगको लागि अर्थ मन्त्रालय सँधै तत्पर रहेको विचार व्यक्त

(बाँकी पृष्ठ ६ मा)

### आँखीझ्याल


व्यवसायलाई प्रवर्द्धन गर्ने गरी करारोपण गर्नुपर्ने — पृष्ठ ३

Taxpayer Mapping गरी बजार अनुगमन सशक्त बनाइने — पृष्ठ ७

करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन — पृष्ठ ९




कर तिर्नु कानूनी कर्तव्य मात्र होइन, सम्मान पाउने अवसर पनि हो।



# महानिर्देशकको सन्देश

चालु आर्थिक वर्षलाई कर प्रणाली सुधार वर्ष घोषणा गरी करको नीति तथा कानुन, करको प्रशासन तथा संगठन र आम करदाताको मनोभावना सुधार गर्ने योजना रहेको छ । जसअनुसार कर शिक्षा, सूचना तथा सञ्चारका कार्यक्रमहरु मुलुकभरमा सञ्चालन भइरहेका छन् । नीतिगत र संस्थागत सुधारका लागि विभिन्न दातृ निकायहरु समेतको सहयोगमा अध्ययन अनुसन्धान भइरहेको छ । हाल आन्तरिक राजस्व विभागको केन्द्रीय संरचना सुधार तथा सुदृढीकरण र करदाताको वर्गीकरणसम्बन्धी अध्ययन समाप्त भइसकेको छ । त्यस्तै कर परीक्षणसम्बन्धी अन्तर्राष्ट्रिय प्रचलन र नेपालको अवस्थाको तुलनात्मक अध्ययन गरी प्रतिवेदन प्राप्त भएको छ । कर सूचना सञ्जाल निर्माणको लागि अध्ययन भई हाल अन्तिम चरणमा पुगेको छ । विभाग र मातहतका कार्यालयहरुको अधिकृत स्तरसम्मको सबै कर्मचारी दरबन्दी पदपूर्ति भएको छ । सेवा प्रवाहमा छिटो छरितो गर्नका लागि नियमित अनुगमन तथा निरीक्षण र विद्युतीय सूचना प्रणालीको आधुनिकीरण र विकासमा जोड दिइएको छ । करदाताहरुसँगको दूरी घटाउन तथा विश्वासको वातावरण सिर्जना गरी कर सँग डर होइन भरको वातावरण सिर्जना गर्न मैत्रीपूर्ण भ्रमण, अन्तरक्रिया, गोष्ठी तथा छलफलका कार्यक्रमहरु केन्द्र तथा स्थानीय स्तरमा सञ्चालन गरिँदै आएको छ । हाम्रो कर प्रणाली सुधारको प्रयासलाई अन्तराष्ट्रिय दातृ निकाय तथा फोरमहरुमा सराहना भइरहेको छ ।

अहिले हरेक महिना तोकिएको लक्ष्य अनुसार राजस्व संकलन भएको छ । राजस्व संकलनको प्रभावकारिता नीतिगत व्यवस्था, कानुन कार्यान्वयन तथा कर सेवा र कर प्रशासनको दक्षतामा भर पर्दछ । चालु आर्थिक वर्षमा राजस्वसम्बन्धी नयाँ नीति तथा दरहरुको व्यवस्था हुन सकेन । त्यसैले आर्थिक ऐन २०६८ को प्रावधान तथा दररेटको आधारमा राजस्व संकलन गरिरहनु परेको छ । कर कानुन पालनामा कडा कानुनी कारवाही र बजार हस्तक्षेपका लागि हालको जटिल राजनीतिक वातावरणले साथ दिइरहेको छैन । तसर्थ करदाता सेवा तथा कर प्रशासनको दक्षता र सक्रियताको कारणले मात्र लक्ष्य अनुसार राजस्व संकलन हुन सकिरहेको छ । हाल यस्तो परिस्थितिमा पनि कर प्रशासन कुनै ठूलो विवादमा मुछिएको छैन । यसको लागि बुद्धिमतापूर्ण तरिकाले कर प्रशासन सञ्चालन गरिरहेका कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु ।

अहिले कर प्रशासनको मुख्य चुनौति भनेको कर कानुन पालना गराउने नै हो । हाल बजार अनुशासन न्यून रहेको छ । जुनसुकै क्षेत्रका व्यापारिक संघसंस्थाहरुमा पनि कर कानुन पालना गराउने कारवाहीप्रति सहनशीलता छैन । सानोतिनो कारवाहीप्रति पनि बजार नकरात्मक रहेको अवस्थामा अर्थतन्त्रको सबै क्षेत्रलाई करको दायरामा ल्याउनु चुनौतिपूर्ण रहेको छ । अर्थतन्त्रको करिब ३८ प्रतिशत कारोवारहरु अनौपचारिक क्षेत्रको रुपमा सञ्चालन भएको प्रतिवेदनहरुबाट देखिएको छ । यो क्षेत्र करको दायरा बाहिर त छँदैछ अझ त्यसको असर र प्रभाव मुलुकको कूल गार्हस्थ्य उत्पादन र प्रति व्यक्ति आयमा समेत परेको छ । तथ्याङ्कीय हिसाबमा हाम्रो अर्थतन्त्र न्यून मूल्यांकित भएको छ । जसले गर्दा प्रति व्यक्ति आय तथा नेपालको जीवनस्तरको अन्तराष्ट्रिय तुलनामा पनि न्यून मूल्यांकित भएको छ । यसमा सबै क्षेत्रबाट संवेदनशील ढंगले हेरिनुपर्दछ ।

मालवस्तु आयात गर्दा भन्सार बिन्दुमा न्यून मूल्यांकन हुने गरेको छ । बजारमा बिक्री वितरण गर्दा आयात गर्दाको मूल्यांकनका आधारमा बजारमा बिल बिजक जारी हुने, कच्चा पदार्थको हकमासमेत आयात मूल्यकै अनुपातमा उत्पादन मूल्य कायम गराई सोही आधारमा निष्काशन र मूल्य निर्धारण हुने भएकोले सबै कारोवार औपचारिक अभिलेखमा आउन सकेको छैन । अझ जग्गा जमिन, मोटर गाडीलगायतको सम्पत्ति समेतको कारोवार न्यून मूल्यांकनमा अभिलेख हुने गरेको छ । यस अवस्थाले सम्पूर्ण अर्थतन्त्र नै न्यून मूल्यांकित भइरहेको छ । कारोवार मूल्यमा भन्सार मूल्यांकन घोषणा गर्न आयातकर्ताहरु स्वतन्त्र छन् तर न्यून मुल्यांकनलाई व्यापारी वर्गले कतिपय अवस्थामा सरकारलाई दोषी देखाउने प्रयास गरेको पाइन्छ । यही कारण देखाई बजारमा बिल बिजक जारी नगर्ने, गरेपनि कारोवार मूल्यमा नगर्ने प्रचलन रहेको छ । यो प्रचलन व्यवसायी र उपभोक्ताबीचको कारोवारमा बढी छ तर सरकारी खरिदमा भने त्यही सामान वा सेवा पूरा मूल्यकै बिल बिजक जारी गरी कारोवार हुने गरेको छ । कारोवार मूल्यमा बिल काट्नै नमिल्ने भए सरकारी खरिद बिक्रीमा पनि हुने थिएन । न्यून मूल्यांकन र न्यून बिजकीकरणमा सरकारी पक्षकोभन्दा आयातकर्ताको बढी भूमिका रहेको छ ।

अहिले कर प्रशासनले हदैसम्म करदातामैत्री हुने नीति अङ्गीकार गरेको छ तर समग्र कर कानुन पालना र कर अनुशासनको लागि कर प्रशासन वा राजस्व प्रशासन मात्र इमान्दार र पारदर्शी भएर पुग्ने अवस्था देखिएन । यसमा व्यवसायीहरु पनि उत्तिकै इमान्दार हुन सक्नुपर्दछ । नक्कली भ्याट बिल प्रकरण र अन्य कर छलीका घटनाले व्यवसायीहरुको व्यावसायिक नैतिकताको समेत प्रश्न उठेको छ । दर्ता नगरी कारोवार गर्ने, दर्ता भए पनि बिल बिजक जारी नगर्ने, बिल बिजक जारी भएपनि कारोवार मूल्यमा जारी नगर्ने, नक्कली बिल बिजक प्रयोग गर्ने लगायतका व्यावसायिक इमान्दारिता विपरितका कामहरु भइरहेको पाइएको छ । व्यावसायिक नैतिकता भनेको खासमा Honesty is the best policy हो । यस्तो नीति भित्तामा टाँस्ने नारामा मात्र सीमित हुनु हुँदैन । यसलाई व्यवहारमा रुपान्तरण गरिनुपर्दछ । व्यवसायीहरुलाई व्यावसायिक नैतिकता (Business Ethics) पालनामा अग्रसर हुन आग्रह गर्दछु ।

व्यवसायका संस्थागत तथा सामाजिक जिम्मेवारीहरु हुन्छन् । ती जिम्मेवारी निर्वाह गर्न व्यावसायिक क्षेत्र तयार हुनुपर्दछ । विश्वव्यापीकरणका सन्दर्भमा व्यावसायिक क्षेत्रमा केही मापदण्डहरु निर्धारण गरिएका छन् । ती मापदण्ड पूरा भए भएनन् भन्ने अन्तराष्ट्रिय स्तरमा मूल्यांकन भई सर्वाधिक नैतिक व्यवसायीहरुलाई पुरस्कार र सम्मान गर्ने व्यवस्था छ । व्यावसायिक नैतिकता पालना गर्नका लागि खास ठूला असाध्य कुराहरु पनि छैनन् । ती मापदण्डहरु व्यावसायिक सुशासनका विषयहरु, नैतिक संस्कृतिको विषय, नेतृत्वको भूमिका, संस्थागत सामाजिक जिम्मेवारी, कार्यस्थलको र कामदारको उचित व्यवस्थापन, भ्रष्टाचार, अनियमितता जस्ता संस्थागत गलत अनैतिक कार्यहरु रोक्ने, पेशागत नैतिकता र अन्तराष्ट्रिय व्यावसायिक नैतिकता जस्ता विषयहरु पर्दछन् । प्रख्यात उद्यमी वारेन बुफेटले भनेका छन् Trust is like the air we breathe. When it is present, nobody really notices. But when it is absent everybody notices. त्यसैले व्यवसायिक नैतिकता पनि पालना गरुन्जेल खास थाहा हुँदैन तर जब पालना गर्न छोडिन्छ त्यसबेला मात्र महत्व थाहा हुन्छ । अहिले व्यावसायिक नैतिकताको खाँचो टड्कारो रुपमा खड्किएको छ ।

व्यावसायिक नैतिकताका धेरै आयामहरुमध्ये पहिलो महत्वपूर्ण पक्ष भनेको उपभोक्ता हुन् । उपभोक्ता भगवान् हुन् । यिनीहरुलाई सधैं खुसी पार्नुपर्दछ । उपभोक्ता खुसी पार्नु भनेको उनीहरुलाई गुणस्तरीय वस्तु र सेवा उचित मूल्यमा प्रदान गर्ने हो । यदि उपभोक्ता वा ग्राहकहरुलाई सन्तुष्टि दिन सकिएन भने त्यस्तो खराव समाचार प्रकाशको गतिमा फैलिन्छ र सबै ग्राहकहरुले छोड्ने छन् । व्यवसाय धराशायी हुनेछ । व्यावसायिक नैतिकता कामदार कर्मचारीमा पनि लागू हुन्छ । उनीहरुको श्रमको उचित कदर र सम्मान गरी ज्याला वा तलब दिनुपर्दछ । कामदार कर्मचारीहरुलाई तेश्रो श्रेणीका नागरिक जस्तो व्यवहार गरिनुहुँदैन । व्यावसायिक नैतिकताको महत्वपूर्ण पाटो पारदर्शिता हो । जसमा भ्रष्टाचार, कर छली, घोटाला, छलकपट जस्ता क्रियाकलापहरुबाट मुक्त हुनुपर्दछ । व्यावसायिक नैतिकता पालना गर्नका लागि व्यावसायिक प्रतिष्ठानका मूल्य मान्यता, लक्ष्य र उद्देश्य तथा नीति र जिम्मेवारीहरु निर्धारण गरिएको हुनुपर्दछ । व्यावसायिक नैतिकता पालनाका लागि इमान्दारिता, सदाचारिता, स्वच्छता र उत्कृष्टता जस्ता केही महत्वपूर्ण पक्षहरु समेटिनुपर्दछ ।

व्यवसाय वा वाणिज्यमा सत्य व्यवहारलाई पालना गरिनुपर्दछ । सत्य व्यवहार भनेको कुनै असाध्य कुरा होइन । यो व्यापारिक नैतिकता पालना मात्रै हो । व्यापार व्यवसाय गर्दा नाप, तौल, मूल्य, गुणस्तर, भेदभाव, छली, चोरी, चुहावट, मिसावट लगायतका यावत् गलत कुराहरु नगर्ने भनेको हो । कुनै पनि पेशा व्यवसायमा सत्य व्यवहार भनेको इमान्दारिता नै हो । इमान्दारिता नै उत्तम नीति हो । सत्य व्यवहार र इमान्दारिता पालना गर्नेहरु कसैसँग पनि डराउनु पर्दैन । भर्तृहरिले उल्लेख गरेअनुसार वैराग्यको अवस्थामा बाहेक अन्यत्र जहाँसुकै डर रहेको छ । धन सम्पत्ति आर्जन गर्नेहरुले राज्यसँग, खाना खाँदा रोगसँग, कुलको संरक्षण गर्नेहरु कुलक्षति सँग, इज्जत र सम्मान चाहनेहरु गरिबीसँग, सुन्दर सुन्दरीहरु बुढ्यौलीसँग, शक्ति र नेतृत्वमा बस्नेहरु शत्रुसँग, विद्वानहरु आलोचनासँग, इमान्दार र सदाचारीहरु निन्दासँग र हाम्रो शरीर भने मृत्युसँग डराउने गर्दछ । सत्य व्यवहार गर्नेहरु मृत्युबाहेक कसैसँग डराउनु पर्दैन । व्यापार व्यवसाय, उद्योग धन्दा, कल कारखाना, पेशामा सत्य व्यवहार पालना गर्न र कर प्रशासनका साथीहरुलाई उच्च नैतिकताका साथ कार्य सम्पादन गर्न आव्हान गर्दछु ।

कर प्रशासन २०६९ सालमा करदाता, आम नागरिक र उपभोक्ताबीचको दूरी साँघुरो बनाउन र आपसी सद्भाव बढाउन सफल भएको छ । आन्तरिक राजस्व विभाग २०७० सालमा पनि उत्तिकै करदातामैत्री र नागरिकमैत्री कर प्रशासन सञ्चालन गर्नमा प्रतिबद्ध रहेको छ । यसमा आम नागरिक उपभोक्ता, निजी क्षेत्र तथा सरकारी क्षेत्र र कर्मचारी वर्गबाट सहयोग र सद्भावको अपेक्षा राखिएको छ । नव वर्ष २०७० को सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**वैशाख २०७०**

**टंकमणि शर्मा**
**महानिर्देशक**



कुनै पनि सामान खरीदबिक्री गर्दा बिल लिनेदिने बानी बसालौं ।

# व्यवसायलाई प्रवर्द्धन गर्ने गरी करारोपण गर्नुपर्ने


पुँजीगत लाभ करका विषयमा आयोजित अन्तरक्रिया एवं अनुशिक्षण कार्यक्रममा सम्बोधन गर्दै माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोइराला, अर्थसचिव श्री शान्तराज सुवेदी तथा मञ्चमा आसीन विशिष्ट सहभागीहरु

माननिय अर्थमन्त्री श्री शंकरप्रसाद कोइरालाले व्यवसायलाई प्रवर्द्धन गर्ने किसिमले करारोपण गरी आन्तरिक राजस्वको परिचालन गर्नुपर्ने धारणा व्यक्त गर्नुभएको छ। आन्तरिक राजस्व विभागले गत चैत्र १० गते होटल शंकर, लाजिम्पाटमा भूमिसुधार तथा व्यवस्थापन विभागका अधिकृतहरुसँग पुँजीगत लाभ करका विषयमा आयोजित अन्तरक्रिया एवं अनुशिक्षण कार्यक्रममा माननीय अर्थमन्त्री श्री कोइरालाले उक्त धारणा व्यक्त गर्नुभएको हो। सो कार्यक्रममा आफ्नो उद्घाटन मन्तव्य राख्नुहुँदै माननीय अर्थमन्त्रीले करको दर बढी भयो भने कर छलीको क्रमपनि बढ्न सक्ने हुँदा पुँजीगत लाभ करको दरका बारेमा आगामी बजेटमा विचार गर्न सकिने धारणा राख्नुभएको थियो। सो क्रममा माननीय अर्थमन्त्रीले पुँजीगत लाभ करको मूल्यांकन र गणनालाई मापदण्डमा आधारित रहेर व्यवस्थित गरिनुपर्ने भन्दै राजस्वको वृद्धि दरमा प्रत्यक्ष भूमिका खेलनसक्ने कुराको सुनिश्चितता भए भूमिसुधार तथा व्यवस्थापन विभागअन्तर्गतका कार्यालयहरुमा समेत Performance Based Incentive प्रदान गर्ने बारेमा अर्थ मन्त्रालयले सोच्नसक्ने धारणा व्यक्त गर्नुभयो। सो क्रममा माननीय अर्थमन्त्रीले दुवै विभागले गर्ने कार्यहरु समान प्रकृतिको भएको हुँदा एकीकृत सूचना प्रणालीको विकास गरी समन्वय, सहकार्य र अन्तरसंवादको माध्यमबाट राजस्व परिचालनमा अभिवृद्धि गर्न समेत आग्रह गर्नुभयो। सो कार्यक्रममा आफ्नो धारणा राख्नुहुँदै अर्थ सचिव श्री शान्तराज सुवेदीले पुँजीको कारोवारमा प्राप्त लाभमा लाग्ने पुँजीगत लाभ करको संकलनमा सबैभन्दा ठूलो समस्या पुँजीको मूल्यांकनको विषयमा देखापर्ने गरेको धारणा राख्दै सरकारले मुआब्जा तिर्नुपर्ने अवस्थामा चाहिँ मूल्यांकन बढी हुने तर सरकारले कर प्राप्त गर्ने बेलामा चाहिँ सोही सम्पत्तिको मूल्यांकन फरक पर्ने गरेकोतर्फ ध्यानाकर्षण गराउँदै भूमिको मूल्यांकनमा एकरुपता कायम गर्न भूमि प्रशासनसँग सम्बन्धित अधिकृतहरुलाई आग्रह गर्नुभयो। हाल जग्गाको कारोवार गर्ने बिचौलियाहरु र बेजिल्ला जग्गा पास गर्न सकिने व्यवस्थाका कारण पुँजीगत लाभ कर छली भइरहेको भन्दै अर्थ सचिव श्री सुवेदीले दुवै विभागकाबीच आवश्यक समन्वय कायम गरी निर्देशिका/कार्यविधि तयार गरेर पुँजीगत लाभ करको अधिकतम परिचालन गर्न आग्रह गर्नुभयो।

कार्यक्रममा आफ्नो धारणा राख्नुहुँदै अर्थ मन्त्रालय राजस्व महाशाखाका प्रमुख श्री राजन खनालले घर जग्गाको कारोबारबाट प्राप्त भएको रकम बैंकमा देखिने तर पुँजीगत लाभ कर चाहिँ तिरेको नदेखिने अवस्था हुँदा सामान्य जनताहरु समेत सम्पत्ति शुद्धीकरण विभागको छानबिनको दायरामा आउनु पर्ने अवस्थाको सृजना भएको भन्दै यस्तो अवस्था आउन नदिने सन्दर्भमा यो अन्तरक्रिया कार्यक्रम प्रभावकारी होओस् भन्ने शुभकामना व्यक्त गर्नुभयो। सो कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले नवनियुक्त माननीय अर्थमन्त्री श्री कोइरालालाई स्वागत गर्दै हाल आन्तरिक राजस्व विभागले Service to Enforcement को रणनीति अवलम्बन गरिरहेको जानकारी गराउनुभयो। अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग र भूमि सुधार तथा व्यवस्थापन विभागका बीच एक Core Team को निर्माण गरी Taxpayer Information Network बनाएर सहकार्यलाई थप प्रभावकारी बनाइने प्रतिबद्धता व्यक्त गर्नुभयो। विभागका उपमहानिर्देशक श्री रामशरण पुडासैनीको स्वागत मन्तव्यबाट प्रारम्भ भएको अन्तरक्रिया कार्यक्रममा भूमिसुधार तथा व्यवस्थापन विभागका महानिर्देशक श्री तेजराज पाण्डेले समेत सम्बोधन गर्नुभएको थियो।

कार्यक्रमको प्राविधिक सत्रको अध्यक्षता अर्थ मन्त्रालयका सहसचिव श्री कृष्णप्रसाद देवकोटाले गर्नुभएको थियो। सो सत्रमा भूमिसुधार तथा व्यवस्थापन विभागका निर्देशक श्री सम्मरबहादुर सिंह ठकुरी र आन्तरिक राजस्व विभागका निर्देशक श्री मदन दहालले पुँजीगत लाभ करसँग सम्बन्धित कार्यपत्रहरु प्रस्तुत गर्नुभएको थियो। सो कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशकहरु श्री राममणि दुवाडी, श्री विष्णुप्रसाद नेपाल, सूचना प्रविधि विज्ञ श्री वीरेन्द्रकुमार मिश्र लगायत सम्पूर्ण निर्देशकहरु, काठमाडौं उपत्यकास्थित आन्तरिक राजस्व कार्यालयहरुमा कार्यरत प्रमुख कर प्रशासकहरु, प्रमुख कर अधिकृतहरु एवं काठमाडौं उपत्यकास्थित मालपोत कार्यलयहरुमा कार्यरत अधिकृत कर्मचारीहरुको उपस्थिति रहेको थियो।


कार्यक्रममा विभागका उपमहानिर्देशकद्वय रामशरण पुडासैनी तथा विष्णुप्रसाद नेपाल लगायत अन्य सहभागीहरु

# सुविधाको माग गर्दा कर्तव्यमा समेत ध्यान दिन आग्रह

आन्तरिक राजस्व विभागले २०६९ चैत्र ३ गते राजधानीको लाजिम्पाटस्थित शंकर होटलमा सहकारी क्षेत्रसँग सम्बन्धित करदाताहरुकाबीच आयोजित अन्तरक्रिया कार्यक्रममा अर्थ सचिव श्री शान्तराज सुवेदीले सहकारीको उद्देश्य उत्पादन र रोजगारी वृद्धि गरी आर्थिक वृद्धिलाई टेवा पुर्‍याउनु हुनुपर्नेमा सो अनुरुप भए नभएको सहकारीहरु आफैंले समीक्षा गर्नुपर्ने बेला आएको धारणा व्यक्त गर्नुभयो ।



सहकारी क्षेत्रसँग सम्बन्धित करदाताहरुकाबीच आयोजित अन्तरक्रिया कार्यक्रममा अर्थसचिव श्री शान्तराज सुवेदी लगायत अन्य सहभागीहरु

सो क्रममा अर्थ सचिव श्री सुवेदीले शहरमा अवस्थित ५ करोडभन्दा बढीको कारोबार गरिरहेका र ग्रामीण क्षेत्रमा रहेर ५ देखि १० लाखसम्मको कारोबार गर्ने सहकारीहरुलाई समान सुविधा प्रदान गर्न नसकिने भन्दै शहरका सहकारीलाई हाल कायम गरिएको २० प्रतिशतको आयकरको दरमा दर पुनः निर्धारण गर्ने सम्बन्धमा छलफल गर्न अर्थ मन्त्रालय तयार रहेको धारणा व्यक्त गर्नुभयो । बदमासी गर्ने सहकारीलाई सहकारीहरु आफैंले समेत सुधार गर्नुपर्ने भन्दै अर्थ सचिव श्री सुवेदीले सुविधाको माग गर्दा आफ्नो कर्तव्य समेत ध्यान दिई स्वनियन्त्रण कायम गर्न आग्रह गर्नुभयो । सो क्रममा अर्थ सचिव श्री सुवेदीले सरकारको नीति करको दर कम र दायरा फराकिलो बनाउने भएअनुरुप सहकारीका करसम्बन्धी विषयहरुको समेत पूर्ण बजेटमार्फत् सम्बोधन गर्न तयार रहेको धारणा व्यक्त गर्नुभयो । अर्थ मन्त्रालयका सह सचिव श्री कृष्णप्रसाद देवकोटाले सहभागी सहकारीका सञ्चालक तथा कर्मचारीहरुलाई संस्थागत सुशासनमा ध्यान दिन आग्रह गर्दै अनुशासित भएर सहकारीको सञ्चालन गर्न अनुरोध गर्नुभयो । सोही अवसरमा आफ्ना धारणा राख्नुहुँदै आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले करको विषय जटिल नै हुनेहुँदा समस्याको समाधान गर्ने उद्देश्यले नै अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको धारणा राख्दै करसँग डर होइन भर गर्न आग्रह गर्नुभयो । सो अवसरमा सहकारी विभागका रजिष्ट्रार श्री केदार न्यौपाने, आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री रामशरण पुडासैनी र राष्ट्रिय सहकारी संघका केन्द्रीय उपाध्यक्ष श्री विजयराज घिमिरेले आ आफ्ना कार्यपत्रहरु प्रस्तुत गर्नुभएको थियो ।

अर्थ सचिव श्री सुवेदीले पानसमा बत्ती बालेर समुद्घाटन गर्नुभएको कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपालले स्वागत मन्तव्य राख्नुभएको थियो । सो कार्यक्रममा सहकारी मन्त्रालयका सह सचिव श्री सुदर्शनप्रसाद ढकालले समेत आफ्नो धारणा राख्नुभएको थियो । यस कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राममणि दुवाडी, सूचना प्रविधि विज्ञ श्री वीरेन्द्रकुमार मिश्र लगायत सम्पूर्ण निर्देशकहरु र काठमाडौं उपत्यकास्थित आन्तरिक राजस्व कार्यालयहरुमा कार्यरत प्रमुख कर प्रशासकहरु तथा प्रमुख कर अधिकृतहरुको समेत उपस्थिति रहेको थियो ।

## तालिम



आन्तरिक राजस्व विभागका महानिर्देशक अगाडि बायाँबाट छैठौं र उपमहानिर्देशक पछाडि बायाँबाट पाचौं

# अन्तर्राष्ट्रिय भ्रमण तथा तालिम

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्मा र उपमहानिर्देशक श्री राममणि दुवाडी अन्तराष्ट्रिय मुद्रा कोष (IMF) र जापान सरकारको संयुक्त आयोजनामा जापानको टोकियोमा सन् २०१३ को अप्रिल २ देखि ४ तारिखसम्म सञ्चालित Forth IMF-Japan High Level Tax Conference मा सहभागी हुनुभयो । आयोजक जापान लगायत दक्षिण एसिया र दक्षिण पूर्वी एसियाका करिब १५ देशका कर प्रशासनका उच्च अधिकारीहरुको सहभागिता रहेको सो कार्यक्रममा महानिर्देशक श्री शर्माबाट एउटा कार्यसत्रको अध्यक्षता समेत गरी कार्यक्रम सञ्चालन गर्नुभएको थियो । नेपालकातर्फबाट विभागका उपमहानिर्देशक श्री राममणि दुवाडीले Tax Compliance and Enforcement Trends in Nepal विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको सो कार्यक्रममा टोकियो विश्वविद्यालय जापानका प्रोफेसरहरु तथा जापानको अर्थ मन्त्रालयका उच्चतहका पदाधिकारीहरु पर्यवेक्षकका रुपमा रहेका थिए । उक्त कार्यक्रममा IMF का कर विज्ञहरु लगायत सहभागी देशका राजस्व तथा करसम्बन्धी विशेषज्ञहरुले कार्यपत्र प्रस्तुति गरेका थिए । सो कार्यक्रममा सहभागी देशहरुका कर प्रशासनको वर्तमान प्रवृत्ति, सोच, र भावी दिशा तथा कर प्रशासनमा आएका समसामयिक सुधार र नयाँ अवधारणा जस्ता विषयहरुमा छलफल भएको थियो । कर प्रशासनका उच्च पदाधिकारीहरुबाट यस्तो कार्यक्रममा हुने सहभागिताले कर सम्बन्धी नीति निर्माण तथा कार्यान्वयनमा महत्वपूर्ण योगदान पुग्ने देखिन्छ ।

त्यसैगरी, अन्तराष्ट्रिय तालिमअन्तर्गत आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री रामशरण पुडासैनी र शाखा अधिकृत श्री शरद निरौला Organisation of Economic Cooperation and Development (OECD) को आयोजनामा सन् २०१३ अप्रिल २२ देखि २६ सम्म अष्ट्रियाको भियनामा सम्पन्न Intermediate Transfer Pricing सम्बन्धी तालिममा सहभागी हुनुभयो । साथै यही अप्रिल ८ देखि १२ सम्म बुल्गेरियाको बुडापेष्ट र टर्कीको अंकारामा OECD बाट नै सञ्चालित क्रमशः International Tax Avoidance र Efficiency and Effectiveness of Tax Administration and Management विषयक छुट्टाछुट्टै तालिमहरुमा काठमाडौं उपत्यकास्थित करदाता सेवा कार्यालयहरुमा कार्यरत प्रमुख कर अधिकृतहरु श्री सन्तोष श्रेष्ठ, श्री बाबुराम गौतम, श्री षडानन्द गुरुङ, श्री लिलावल्लभ न्यौपाने र श्री देवीदास कोइराला सहभागी हुनुभएको थियो भने OECD ले नै टर्कीको अंकारामा गत मार्च ११ देखि १५ सम्म सञ्चालन गरेको अर्को Auditing Small and Medium Size Enterprises विषयक तालिममा यस विभागका निर्देशक श्री शंकर निरौला र शाखा अधिकृत श्री राजुप्रसाद प्याकुरेलले सहभागिता जनाउनुभएको थियो ।


अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोवार गर्नु अगाडि अन्तःशुल्क इजाजत लिन नबिर्सौं ।

# कर प्रशासन सुधारसम्बन्धी नयाँ परियोजना सन् २०१३ जुलाईबाट सुरू हुने

नेपालको कर प्रणाली सुधारका लागि मित्रराष्ट्र जर्मनीको सहयोगमा सञ्चालित करप्रशासन सुधार परियोजनाको नयाँ चरण सन् २०१३ जुलाईबाट सुरु हुने भएको छ । सन् २०११ बाट सुरु भएको कर प्रणाली सुधार परियोजनाको मूल्याङ्कन तथा समीक्षाका लागि मिति २०६९ माघ २६ गते राजधानीको नयाँ वानेश्वरस्थित होटल एभरेष्टमा आयोजित कार्यक्रममा परियोजनालाई आगामी ३ वर्षका लागि नयाँ चरणमा निरन्तरता दिने प्रतिबद्धता व्यक्त भएको हो ।

कर प्रशासन प्रणाली सुधार परियोजनाको समीक्षा कार्यक्रममा RAS परियोजना प्रमुख डा होर्स्ट स्याथुस, GIZ की नेपाल प्रमुख एलेन कनिनोस्की, DANIDA का प्रनिनिधि शिवप्रसाद शर्मा पौडेल, जर्मनीका कर सुधार योजनाका विशेषज्ञ डा. ह्युन जो को लगायतका व्यक्तित्वहरुले परियोजनाको समीक्षा गर्नुभएको थियो । जर्मन सरकारको विकास परियोजनाका प्रतिनिधि, नेपाल सरकार, अर्थ मन्त्रालय र आन्तरिक राजस्व विभागका अधिकारीहरुको बीचमा भएको अन्तरक्रियात्मक कार्यक्रममा परियोजनाबाट नेपालको कर प्रशासन प्रणाली सुधारमा उल्लेख्य योगदान पुगेको निष्कर्ष निकालियो । आगामी जुलाई महिनाबाट नयाँ चरणमा परियोजनालाई लागु गर्ने गरी कार्यक्रमहरु विकास गर्नेबारे त्यस अवसरमा सहभागीहरुबीच छलफल भएको छ ।

नेपालको कर प्रणाली सुधारका लागि सन् १९९७ देखि सञ्चालनमा आएको उक्त परियोजनाले नेपालको कर प्रशासलाई चुस्त बनाउन सूचना प्रविधि, पूर्वाधार विकास, साना तथा मझौला करदाताको कर प्रणालीमा सुधार, कर शिक्षा र मानव संशाधनको विकासका लागि आर्थिक तथा प्राविधिक क्षेत्रमा सहयोग गर्ने बताइएको छ ।



*कर प्रणाली सुधार परियोजनाको मूल्याङ्कन तथा समीक्षा कार्यक्रमका सहभागीहरु*

सो अवसरमा कर प्रणाली सुधारको नयाँ परियोजनाअन्तर्गत गर्नुपर्ने आवश्यक कार्यहरू प्रस्ताव गर्न उपरोक्त क्षेत्रहरूका चारवटा समूह बनाई समूहगत छलफल समेत गरिएको थियो । सो समूहहरू मध्ये निजी क्षेत्रसँग करका विभिन्न क्षेत्रका सम्बन्धमा सहकार्यमा आवश्यक पर्ने रणनीतिक योजनाको विषयमा छलफल गर्ने समूहको नेतृत्व आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपालले गर्नुभएको थियो ।

यस्तै जनशक्तिमा विकास गर्नका लागि आवश्यक कार्ययोजनाको विषयमा छलफल गर्ने समूहको नेतृत्व आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राममणी दुवाडीले गर्नुभएको थियो । यसैगरी सूचना प्रविधिलाई अन्य सरकारी र निजी क्षेत्रका संस्थाहरुसँग कसरी जोड्न सकिन्छ भन्ने विषयमा छलफल गर्ने समूहको नेतृत्व आन्तरिक राजस्व विभागका सूचना प्रविधि विज्ञ श्री वीरेन्द्रकुमार मिश्रले गर्नुभएको थियो । त्यस्तै साना तथा मझौला व्यवसायीहरुको कर सहभागिता बढाउन आवश्यक रणनीतिको विषयमा छलफल गर्ने समूहको नेतृत्व ठूला करदाता कार्यालयका प्रमुख श्री आनन्द ढकालले गर्नुभएको थियो ।

त्यस्तै आन्तरिक राजस्व विभागले सरकारले लिएको इ-गभर्नेन्सको नीतिलाई साथ दिन आधुनिक सूचना प्रणाली निर्माण गर्दै आएको छ । जसअनुसार परियोजनाको सहयोगमा आन्तरिक राजस्व विभागमा अत्याधुनिक डाटा रिकभरी सेन्टरको स्थापनाको तयारी भइरहेको आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले त्यस अवसरमा जानकारी दिनुभयो ।

# सुर्तीजन्य वस्तुहरुमा अन्तःशुल्क स्टिकर लगाउन व्यवसायीहरु सहमत




*सुर्ती उत्पादक प्रतिष्ठान तथा पैठारीकर्ताका प्रतिनिधिहरुसँग आयोजित अन्तरक्रिया कार्यक्रमका सहभागीहरु*

गत २०६९ चैत्र ९ गते राजधानीको लाजिम्पाटस्थित शंकर होटलमा सुर्तीजन्य वस्तुहरुको नियमन गर्ने सन्दर्भमा सुर्ती उत्पादक प्रतिष्ठान तथा पैठारीकर्ताका प्रतिनिधिहरुसँग एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रममा उपस्थित व्यवसायीहरु सबै प्रकारका सुर्तीजन्य वस्तुहरु जस्तै सुर्ती, गुट्खा, पानमसला लगायतमा समेत अन्तःशुल्क स्टिकर लगाउन सहमत भएका छन् । सो कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले सुर्तीजन्य वस्तु अत्यावश्यक वस्तु पनि नभएको र यसले स्वास्थ्यमा समेत हानी पुऱ्याउने हुँदा यसको उत्पादन, वितरण र उपभोग व्यवस्थित रुपमा गर्न एक निश्चित गुणस्तर र मापदण्ड कायम गर्नुपरेको धारणा राख्नुभयो । कानुनी रुपमा दर्ता गरेर सञ्चालनमा आएका व्यवसायीहरुको व्यवसायको संरक्षण र यस्ता वस्तुको उत्पादन तथा वितरणलाई थप व्यवस्थित बनाउने उद्देश्यले पहिले देखि नै कानूनमा व्यवस्था भएर पनि कार्यान्वयनमा आउन नसकेको स्टिकर लगाउने कुरालाई कार्यान्वयन गर्न सबै व्यवसायीहरुलाई आग्रह गर्नुभयो । हाल कच्चा पदार्थको पैठारीमा आधारित सुर्तीजन्य वस्तुहरुको उत्पादनलाई अझ बढी व्यवस्थित र न्यून मूल्यमा उत्पादन गर्न कच्चा पदार्थको नेपालमै उत्पादन गर्नेतर्फ समेत ध्यान दिन सो अवसरमा महानिर्देशक श्री शर्माले व्यवसायीहरुलाई आग्रह गर्नुभयो ।

आन्तरिक राजस्व विभागका अन्तःशुल्क शाखाका निर्देशक श्री लोकप्रसाद न्यौपानेको स्वागत मन्तव्यबाट प्रारम्भ भएको सो कार्यक्रममा विभागका उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपालले **सुर्तीजन्य वस्तु र अन्तःशुल्क** विषयक र सुर्ती, गुट्खा, पानमसला उत्पादक संघका अध्यक्षले आ-आफ्नो कार्यपत्रहरु प्रस्तुत गर्नुभएको थियो । सो कार्यक्रममा उद्योग वाणिज्य महासंघका राजस्व सदस्य श्री जगदिश राठीले समेत आफ्नो धारणा राख्नुभएको थियो ।

उक्त कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशकहरु, निर्देशकहरु, काठमाडौं उपत्यकास्थित आन्तरिक राजस्व कार्यालयहरुमा कार्यरत प्रमुख कर प्रशासकहरु, प्रमुख कर अधिकृतहरु तथा अर्थ मन्त्रालय, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग, घरेलु उद्योग र सुर्तीजन्य वस्तु उत्पादक प्रतिष्ठान तथा पैठारीकर्ताका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।


कुनै पनि कारोवार गर्नु अगाडि स्थायी लेखा नम्बर (PAN) लिन नबिर्सौं ।

# स्वाधीन अर्थतन्त्र निर्माण गर्न आन्तरिक राजस्व परिचालन थप प्रभावकारी बनाइने

पृष्ठ १ बाट जारी

गर्नुभयो । सम्बोधनकै क्रममा माननीय अर्थमन्त्री श्री कोइरालाले चालु आर्थिक वर्षको राजस्व संकलन लक्ष्य पूरा गर्नेतर्फ क्रियाशील हुन तथा पुरानो बक्यौतालाई शून्य पार्नतर्फ अग्रसर हुन निर्देशन समेत प्रदान गर्नुभयो ।

सोही कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अर्थ मन्त्रालयका सचिव श्री शान्तराज सुवेदीले नेपाल WTO को सदस्य भएको सन्दर्भमा आयकर र मूल्य अभिवृद्धि कर नै राजस्वको मेरुदण्ड भएकाले यी दुई करलाई कसरी थप प्रभावकारी बनाएर लैजाने भन्नेतर्फ विशेष ध्यान दिन जरुरी रहेको बताउनुभयो । हालका दिनहरुमा कुल राजस्वमा मूल्य अभिवृद्धि करको योगदान घट्दै जानु चिन्ताजनक अवस्था भएको विचार व्यक्त गर्दै सचिव श्री सुवेदीले उक्त चुनौतिको सामना गर्न आन्तरिक राजस्व विभागको पाँच वर्षीय रणनीतिक योजना र तीन वर्षीय सुधार योजनाको व्यवहारिक कार्यान्वयनमा जोड दिनुभयो ।

उक्त कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले स्वागत मन्तव्य दिनुका साथै आन्तरिक राजस्व विभागको प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो । विवरण प्रस्तुतिका क्रममा महानिर्देशक श्री शर्माले आन्तरिक राजस्व विभागको दीर्घकालीन सोच, लक्ष्य , उद्देश्य, रणनीति, विभागको पाँच वर्षीय रणनीतिक योजना तथा तीन वर्षीय सुधार योजना, विभाग र अन्तर्गतका कार्यालयहरुको संस्थागत संरचना, कर संकलन प्रणाली एवं राजस्व र कार्यगत लक्ष्य प्रगतिको अवस्था लगायतका विषयमा विस्तृत जानकारी गराउनुभएको थियो । सोही क्रममा महानिर्देशक श्री शर्माले आन्तरिक राजस्व विभाग आफ्नो उद्देश्य प्राप्तिका लागि सँधै तत्पर रहेको बताउनुहुँदै चालु आर्थिक वर्षमा विभागलाई तोकिएको राजस्व संकलन लक्ष्य अनुरुप पुरा हुने विश्वास व्यक्त गर्नुभयो । सो निरीक्षण भ्रमणका क्रममा अर्थ मन्त्रालयका सह सचिवद्वय श्री राजन खनाल र श्री कृष्णप्रसाद देवकोटा, आन्तरिक राजस्व विभागका उप महानिर्देशकहरु, निर्देशकहरु लगायत समस्त अधिकृत कर्मचारीहरु र काठमाडौं उपत्यकास्थित आन्तरिक राजस्व कार्यालयहरुमा कार्यरत प्रमुख कर प्रशासकहरु तथा प्रमुख कर अधिकृतहरुको समेत उपस्थिति रहेको थियो ।

# करदाता मैत्री वातावरण सिर्जना गर्न निर्देशन



*आन्तरिक राजस्व कार्यालय कृष्णनगरको निरीक्षणका क्रममा तत्कालीन अर्थमन्त्री श्री वर्षमान पुनका साथमा कर्मचारीहरु*

तत्कालीन अर्थमन्त्री श्री वर्षमान पुनले माघ १५ गते आन्तरिक राजस्व कार्यालय कृष्णनगरको निरीक्षण गरी पौष महिनासम्म तोकिएको राजस्व असुली तथा अन्य कार्यगत लक्ष्यहरू सफलतापूर्वक पुऱ्याएकोमा सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिनुभयो । साथै आगामी दिनमासमेत सदाचारिता कायम गर्दै उत्साहजनक रूपमा कार्य गर्न, करदातामैत्री वातावरणको सिर्जना गर्न र आवश्यक परेको खण्डमा Enforcement मा समेत जान निर्देशन दिनुभयो । सो अवसरमा पूर्व अर्थमन्त्रीसमक्ष कर अधिकृत श्री सूर्य सुर्खालीले कार्यालयको २०६९ पौष मसान्तसम्मको कार्यप्रगति विवरणको एक झलक तथा कार्यालयका समस्या एवं चुनौतीहरू प्रस्तुत गर्नुभएको थियो ।

# एकीकृत बजार अनुगमन कार्यक्रम सञ्चालन



आन्तरिक राजस्व विभागले सञ्चालन गर्ने एकीकृत बजार अनुगमन कार्यक्रमअन्तर्गत आन्तरिक राजस्व विभाग तथा अन्तर्गतका कार्यालयहरूबाट गत माघ महिनाको ३ देखि ९ गतेसम्म सवारी साधनहरूको देशव्यापी रूपमा चेक जाँच गर्ने कार्य सम्पन्न भयो । सो अनुगमनका क्रममा देशभरका सबै कार्यालयहरूबाट जम्मा २४९८ वटा सवारी साधनहरूको चेक जाँच गरिएको थियो । सो मध्ये २२६ वटा सवारी साधनहरूले बिल बिजक दुरूस्त राखेर माल सामानहरू ओसारपसार गरेको नपाइएको कारण उक्त सवारी साधनहरूबाट १० लाख ८० हजार ५ सय रूपैंया जरिवाना गरिएको थियो ।

त्यसैगरी माघ १० देखि १५ गतेसम्म देशव्यापी रूपमा बिल बिजकहरूको अनुगमन गर्दा ३०१८ वटा व्यापारिक फर्महरूको अनुगमन गर्ने कार्य सम्पन्न भएको थियो । सो क्रममा २७५ जना करदाताहरूलाई विशेष आदेश जारी गरिएको र अन्य केहीबाट जरिवाना स्वरूप ४४ लाख ११ हजार ६ सय ७५ रूपैंया असुल गरिएको थियो ।

# Taxpayer Mapping गरी बजार अनुगमनलाई अझ सशक्त बनाइने



आ.रा.का.नेपालगञ्जमा निरीक्षणका क्रममा अर्थसचिव श्री शान्तराज सुवेदी लगायत आन्तरिक राजस्व विभागका पदाधिकारीहरु

अर्थ सचिव श्री शान्तराज सुवेदीले आन्तरिक राजस्व कार्यालय, नेपालगञ्जको फागुन ४ गते निरिक्षण भ्रमण गर्नुभयो। सो क्रममा अर्थ सचिव श्री सुवेदीले कार्यालयको व्यवस्थापकीय पक्ष सन्तोषजनक रहेको उल्लेख गर्दै राजस्वको वृद्धिदरलाई आगामी दिनमा पनि कायम राख्न, Functional Indicator मा सुधार गर्न, बक्यौता असुलीमा विषेश ध्यान पुऱ्याउन, सेवा प्रवाहलाई थप चुस्त एवं पारदर्शी बनाउन, Non Filer र बेरुजु फछ्र्यौटको संख्या लक्ष्य अनुरुप घटाउन, व्यापक भौगोलिक क्षेत्र रहेको कुरालाई मध्यनजर गरी सम्भव भएसम्म स्थानी स्तरमा नै पुगेर सेवा प्रवाह गर्न र कार्यालयको Filing व्यवस्थापनलाई थप व्यवस्थित वनाउने सन्दर्भमा निर्देशन प्रदान गर्नुभएको थियो। सो अवसरमा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्मा र अर्थ मन्त्रालयका सहसचिव श्री कृष्णप्रसाद देवकोटाको समेत उपस्थिति रहेको थियो।

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले आन्तरिक राजस्व कार्यालयहरुले आफ्नो कार्यक्षेत्रअन्तर्गत पर्ने मुख्य व्यापारिक क्षेत्र (Core Business Area) का व्यवसाय प्यान र मूल्य अभिवृद्धि करमा दर्ता नभई कारोवार गर्न सक्ने अवस्था अन्त्य गराउन, सम्भावित करदाताहरुको पहिचान गर्न Taxpayer Mapping गर्न र बजार अनुगमनलाई अझ सघनता प्रदान गरी कर सहभागितामा अपेक्षित परिणाम ल्याउन निर्देशन दिनुभयो। हालसम्म आयकर र मू.अ.करमा दर्ता हुनुपर्ने वास्तविक करदाता संख्या पहिचान गरी Shadow Economy लाई औपचारिक कारोवारमा समेट्न राजस्व प्रशासन जुट्नुपर्ने विषयमा उहाँले विशेष जोड दिनुभयो। महानिर्देशक श्री शर्माले यही फागुन १५ देखि २२ गतेसम्म आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १, २ र ३ को अनुगमन तथा निरीक्षणका क्रममा उक्त निर्देशन दिनुभएको हो।

सोही क्रममा महानिर्देशक श्री शर्माले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १०(२) मा उल्लेखित वस्तु तथा सेवाको कारोवार गर्ने करदाताहरुलाई अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर दर्ता गराउन मातहतका करदाता सेवा कार्यालयहरुलाई आवश्यक सहयोग उपलब्ध गराउन, प्रशासकीय पुनरावलोकनबाट लेखिई आएको विषयमा गम्भीर छानबिन गरी स्पष्ट रुपमा प्रतिवेदन तयारी गरी जवाफ पठाउन, Current Year Audit को कर परीक्षण जोखिमको आधारमा छनौट भएको हुँदा त्यसको कर परीक्षण र मौज्दात परीक्षण गर्ने प्रक्रिया सम्वन्धमा साधन र स्रोत परिचालन गरी तोकिएका करदाताको कर परीक्षण सम्पन्न गर्न र लामो अवधिसम्म ठूलो रकम बक्यौता राख्ने करदातालाई विशेष प्राथमिकतामा राखी पटक पटक ताकेता गर्दा समेत बक्यौता कर नबुझाउने करदाताहरुलाई कानुन बमोजिमको कारवाही गरी असुल उपर गर्न समेत निर्देशन दिनुभएको थियो। निरीक्षणका अवसरमा सम्बन्धित कार्यालयका प्रमुख कर प्रशासकहरु श्री गणेशप्रसाद पाण्डे, श्री जयदेव श्रेष्ठ र श्री राजेन्द्रप्रसाद शर्माले आ-आफ्नो कार्यालयको समग्र राजस्व संकलन, कार्यगत लक्ष्य र प्रगतिको विवरण र लक्ष्य प्राप्त गर्न गरिएका प्रयास एवं सुधारका क्षेत्रका विषयमा जानकारी गराउनुभएको थियो।

कार्यालय अनुगमनको सिलसिलामा महानिर्देशक श्री शर्माले करदाता सेवा कार्यालयहरुका प्रमुख कर अधिकृत र कर अधिकृतहरुलाई राजस्व संकलनको लक्ष्य पूरा गराउने मात्र नभई सेवाग्राहीलाई चुस्त र छरितो सेवा दिन आग्रह गर्दै करका दरहरुमा कुनै परिवर्तन नभएको अवस्थामा पनि राजस्व संकलन वृद्धि गराउन सफल भएकोमा धन्यवाद दिनुभयो। सोही क्रममा क्षेत्र नं. १ अन्तर्गतका कर अधिकृतहरुलाई निर्देशन दिने क्रममा महानिर्देशक श्री शर्माले प्रत्येक चार महिनामा एक पटक आन्तरिक राजस्व विभागमा, दुई महिनामा सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरुमा र प्रत्येक महिनामा कम्तीमा एक पटक सम्बन्धित कार्यालयहरुमा नै सबै अधिकृतहरुसहित छलफल गर्न निर्देशन दिनुभयो। उहाँले पार्टी प्यालेस अनुगमन, Electronic Billing अनुगमनमा विशेष जोड दिन र वर्षभरि नै Education, Information, Awareness र Communication का कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन गरिरहन समेत अग्रह गर्नुभयो। साथै हाले नेपाल सरकारबाट १०० प्रतिशत प्रोत्साहन भत्ता स्वीकृत भएको जानकारी गराउँदै प्रोत्साहन भत्ता प्राप्त गर्ने कर्मचारीहरुले कार्यालय समयभन्दा बढी कार्य गर्न समेत निर्देशन दिनुभयो।

नक्कली कागजात निर्माण तथा कार्यालयको सूचना चुहावट हुन नदिन कार्यालयको छाप, Letter Pad, कम्प्युटर, तथा अन्य गोप्य कागजातहरुको सुरक्षाको लागि एक छुट्टै कर्मचारीलाई जिम्मेवारी तोक्न समेत उहाँले निर्देशन दिनुभयो। आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालयहरु र करदाता सेवा कार्यालयहरुको आ-आफ्नै जिम्मेवारी रहेकोतर्फ ध्यानाकर्षण गर्दै महानिर्देशकले विभागले Policy, आन्तरिक राजस्व कार्यालयले Punitive र करदाता सेवा कार्यालयले Promotional कार्यहरुमा आफ्नो ध्यान केन्द्रीत गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो। करदाता सेवा कार्यालयहरुलाई तोकिएको कार्यादेशको अधीनमा रही कर अधिकृतहरुले कार्यसम्पादन गर्दा आफ्नो अधिकारको अधिकतम् उपयोग गर्न समेत महानिर्देशक श्री शर्माले निर्देशन दिनुभयो।



उक्त अवसरमा उपमहानिर्देशक श्री राममणी दुवाडी, श्री रामशरण पुडासैनी, श्री विष्णुप्रसाद नेपाल, सूचना प्रविधि विज्ञ श्री विरेन्द्रकुमार मिश्र, तथा प्रमुख कर प्रशासकहरु श्री जयदेव श्रेष्ठ, श्री गणेशप्रसाद पाण्डे र श्री राजेन्द्रप्रसाद शर्माले करदाता सेवा कार्यालयका प्रमुख कर अधिकृत तथा कर अधिकृतहरुले उठाउनु भएका सम्बन्धित कार्यालय, कर कानुनको कार्यान्वयन एवं अन्य व्यावहारिक समस्याहरुलाई सम्बोधन गर्नुभएको थियो।

कार्यालय अनुगमन तथा निरीक्षणकै क्रममा महानिर्देशक श्री शर्माले फागुन २१ गते ठूला करदाता कार्यालयको निरीक्षण भ्रमण गर्नुभयो। सो अबसरमा कर्मचारीहरुलाई निर्देशन दिँदै उहाँले ठूला करदाता कार्यालयलाई Centre of Excellence को रुपमा विकास गर्ने उद्देश्यले स्थापना गरिएको हुँदा यस कार्यालयले सोहीअनुसार उत्कृष्ट र अनुकरणीय कार्य गर्नुपर्ने बताउनुभयो। कार्यालयको अहिलेसम्मको राजस्व संकलन सन्तोषजनक रहेकोमा प्रसन्नता व्यक्त गर्दै आगामी दिनहरुमा पनि राजस्व संकलन लगायत लक्ष्यअनुरुप कर परीक्षण, बक्यौता तथा बेरुजु फछ्र्यौट, अनुसन्धान र करदाता सेवासम्वन्धी कार्यहरु सम्पन्न गर्न निर्देशन दिनुभयो। साथै, अनुसन्धानको तौरतरिका परिवर्तन गर्नुपर्ने र कर परीक्षणमा गुणात्मकता ल्याउनुपर्नेमा जोड दिनुहँदै उहाँले आचरण र अनुशासन पालना गर्न सबैलाई आग्रह गर्नुभयो।

उक्त कार्यालयमा प्रमुख कर प्रशासक श्री आनन्दराज ढकालले स्वागत मन्तव्यसहित कार्यालयको समष्टिगत स्थितिको संक्षिप्त प्रस्तुति गरी प्रारम्भ भएको उक्त कार्यक्रममा करदाता सेवा, संकलन, अनुसन्धान र कर परीक्षण शाखाका प्रमुख कर अधिकृतहरुले आ-आफ्ना शाखाका गतिविधि र समस्याहरु प्रस्तुत गर्नुभएको थियो। आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपाल र निर्देशकहरु श्री वद्रीप्रसाद गौतम, श्री रमेशराज गौतम र कृष्णबहादुर बस्नेत समेतको सहभागिता रहेको उक्त निरीक्षण कार्यक्रममा कर प्रशासनका विविध पक्षमा छलफल गरिएको थियो। त्यसैगरी फागुन महिनामा नै महानिर्देशक श्री शर्माले आन्तरिक राजस्व कार्यालयहरु कञ्चनपुर, धनगढी र नेपालगञ्जको समेत अनुगमन तथा निरीक्षण गरी आवश्यक निर्देशन प्रदान गर्नुभएको थियो। फागुन महिनामा आन्तरिक राजस्व कार्यालयहरु भद्रपुर, विराटनगर, धरान, लहान, जनकपुर र करदाता सेवा कार्यालयहरु ईटहरी, दमक, इलाम, नयाँ वानेश्वर, गाईघाट र बर्दिबासको कार्यगत अनुगमनको कार्य सम्पन्न भएको छ। सो कार्य विभागका उपमहानिर्देशक श्री रामशरण पुडासैनीको नेतृत्वमा सम्पन्न भएको थियो।


कर सम्बन्धी कुनै जानकारी चाहिएमा टोल फ्री नम्बर १६६००१४०००० मा सम्पर्क गर्न नभुलौं।

# आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. ३



राजेन्द्रप्रसाद शर्मा
प्रमुख कर प्रशासक
आ.रा.का. क्षेत्र नं ३

## परिचय

आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं ३ राजस्व संकलनका हिसाबले आन्तरिक राजस्व विभागअन्तर्गत तेस्रो महत्वपूर्ण कार्यालय हो । यस कार्यालयको कार्यक्षेत्र उपत्यका भित्र काठमाडौं जिल्लाअन्तर्गत काठमाडौं महानगरपालिकाका ९ वटा वडा (वडा नं.२, ३, ४, ५, १३, १४, १५, १६ र २९), कीर्तिपुर नगरपालिका र ३७ वटा गाविस तथा उपत्यका बाहिर रसुवा, नुवाकोट तथा धादिङ जिल्ला रहेका छन् । यस कार्यालय अन्तर्गत ५ वटा सेवा कार्यालयहरु (क.से.का. टंगाल, महाराजगञ्ज, बालाजु, कालिमाटी र कलंकी) रहेका छन् । २०६९ साल माघसम्ममा यस कार्यालयको कार्यक्षेत्रअन्तर्गत आयकरतर्फ ७१,८०२ र मू.अ.करतर्फ १८,४४६ करदाता दर्ता भएका छन् ।

## आ.व. २०६८/६९ को राजस्व संकलन एवं कार्यगत लक्ष्य तथा प्रगति

गत आ.व. २०६८/६९ मा यस कार्यालयको राजस्वको लक्ष्य रु. ५ अर्ब ९ करोड १४ लाख ६५ हजार भएकोमा असुली रु. ५ अर्ब ६३ करोड ७७ लाख ४८ हजार भई लक्ष्यको तुलनामा १११ प्रतिशत प्रगति भएको थियो । यसरी लक्ष्यभन्दा बढी संकलन हुनुमा यस कार्यालयअन्तर्गतका करदाता सेवा कार्यालयहरुको समेत महत्वपूर्ण योगदान रहेको छ । यसैगरी गत आ.व.को कार्यगत लक्ष्य अनुसार उक्त आ.व.मा २३९ करदाताको पूर्ण कर परीक्षण सम्पन्न भई आय करतर्फ रु. १० करोड १३ लाख, मू. अ.करतर्फ रु. ५ करोड ५८ लाख र loss recovery तर्फ रु. २६ करोड ४४ लाख कर निर्धारण भएको थियो । अनुसन्धानात्मक कर परीक्षणतर्फ कूल १२८ करदाताको अनुसन्धान भई आय करतर्फ रु. ७ करोड ६४ लाख र मू.अ.करतर्फ रु. २ करोड १५ लाख कर निर्धारण भएको थियो । कानुनी कारवाही प्रक्रिया अगाडि बढाई आय कर र मू.अ.कर गरी जम्मा रु. ७ करोड १७ लाख असुल भएको थियो । गत आ.व.को समग्र कार्यगत लक्ष्य प्रगतिमा कार्यालयको Grading A+ रहेको थियो ।

## आ.व. २०६९/७० को लक्ष्य तथा प्रगति

चालु आ.व. २०६९/७० को लागि यस कार्यालयको वार्षिक राजस्व संकलन लक्ष्य रु. ६ अर्ब ९३ करोड १२ लाख रहेको छ । यस आ.व.को माघ महिनासम्ममा राजस्व लक्ष्य रु. ३ अर्ब ९२ करोड २१ लाख भएकोमा रु. ४ अर्ब ०४ करोड ७० लाख असुली भई लक्ष्यको तुलनामा १०३ प्रतिशत प्रगति भएको छ । उक्त रकम गत आ.व. को सोही अवधिको तुलनामा १२२ प्रतिशत हो ।

## राजस्व परिचालनका लागि चालिएका कदमहरु

आ.व. २०६९/७० मा लक्ष्यअनुसारको प्रगति हासिल गर्न कार्यालयले आ.व.को सुरुदेखि नै योजनाबद्ध तरिकाले कार्यहरुलाई अगाडि बढाइरहेको छ । राजस्व परिचालनको लागि चालिएका कदमहरु निम्नानुसार छन् :

- गत वर्ष बढी राजस्व दाखिला गर्ने करदातालाई special care गरिएको छ ।
- मूल्य अभिवृद्धि कर र आयकरतर्फ बक्यौता राख्ने करदातालाई नियमित रुपमा सम्पर्क तथा स्थलगत भ्रमण गरी असुलीको प्रक्रियालाई अगाडि बढाइएको छ ।
- करदातालाई कार्यालयबाट उपलब्ध गराइने हरेक सेवामा बक्यौतालाई link गरिएको छ ।
- बक्यौता असुलीका प्रारम्भिक कार्यहरुबाट समेत असुली नभएमा कानुनी प्रक्रियाको माध्यमबाट समेत बक्यौता असुली गरिएको छ ।
- करदाता सेवा कार्यालयहरुसँगको समन्वयमा बजार अनुगमनको कार्य नियमित रुपमा सञ्चालन भइरहेको छ ।

## करको दायरा विस्तार तथा करदाता शिक्षा सम्बन्धी कार्य

"करको चर्चा घरघरमा गरौं, कर तिरौं राष्ट्र निर्माणमा सहभागी बनौं" भन्ने नारालाई व्यापक रुपमा प्रचारप्रसार गरी कार्यालयको कार्यक्रमअन्तर्गत विभिन्न क्षेत्रका करदाताहरुका लागि करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ । करदातालाई घरदैलोमै करसम्बन्धी सम्पूर्ण सेवा दिने उद्देश्यले घुम्ती सेवाहरु सञ्चालन भएका छन् । व्यवसाय दर्ता गर्ने घरेलु तथा साना उद्योग कार्यालयहरु, सरकारी निकाय तथा नगरपालिकाहरु जस्ता स्थानीय निकायसँग समन्वय गरी करदाताहरुलाई करको दायरामा ल्याइएको छ । बजार अनुगमनको कार्यलाई कार्ययोजना बनाई नियमित रुपमा सञ्चालन गरिएको छ । वस्तुगत संघहरुसँग समन्वय गरी कर सम्बन्धी गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गरिएको छ । करदातालाई शिक्षित बनाउने उद्देश्यले विभिन्न स्थानहरुमा कर सम्बन्धी जानकारीमूलक होर्डिङ बोर्डहरु राखिएको छ । यिनै प्रयासहरुको फलस्वरुप यस आ.व.मा मात्र हालसम्म आय करमा ६,४३२ मू.अ.करमा १,४७७ थप करदाता करको दायरामा आएका छन् ।

## बेरुजु फछ्र्यौटमा गरिएका प्रयासहरु

यस कार्यालयले बेरुजु फछ्र्यौटलाई उच्च प्राथमिकतामा राखी कार्य अगाडि बढाएको छ । म.ले.प.बाट औंल्याइएका बेरुजुका सम्बन्धमा समयमै प्रमाण संकलन गरी प्रत्युत्तर लेख्ने काम भएको छ । प्रमाणबाट फछ्र्यौट नहुने बेरुजुलाई कर निर्धारण प्रक्रिया पूरा गरी कर करदाताबाट थप कर असुल गरिएको छ भने कतिपय वेरुजुहरुको कर निर्धारण नै गर्नुपर्ने देखिएकोले सोको प्रक्रिया समेत अगाडि बढाइएको छ ।

## राजस्व छली तथा कर चुहावट नियन्त्रणमा कार्यालयको प्रयास

- बजार अनुगमनका क्रममा कानुन विपरीतको कार्य गर्ने करदातालाई तत्काल कारवाही गरिएको छ ।
- आफ्नो कारोवारको विवरण गलत पेश गर्ने र बिजक जारी नगर्ने करदातालाई विस्तृत छानबिनको घेरामा राखी कारवाही गरिएको छ ।
- करदाताले कार्यालयमा पेश गरेका विवरणको विश्लेषण गरी अनुसन्धानको प्रक्रियालाई अगाडि बढाइएको छ ।
- कर परीक्षण तथा अनुसन्धानका modern tools and techniques लाई प्रयोग गरी result oriented परीक्षण तथा अनुसन्धानमा जोड दिइएको छ ।
- कर परीक्षणमा छनौट भएका करदाताको म्यादभित्रै कर परीक्षणको कार्य सम्पन्न गर्ने गरी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइएको छ ।
- मू.अ.करमा डेबिट विवरण घटिरहेको र क्रेडिट विवरण बढिरहेको सन्दर्भमा यथार्थ कारण पत्ता लगाई डेबिट विवरणको संख्या बढाउने प्रयासको थालनी गरिएको छ ।

## अन्त्यमा

प्रमुख कर प्रशासककोतर्फबाट म यस कार्यालयको कार्यक्षेत्रअन्तर्गतका सम्पूर्ण करदाताहरुलाई आफ्नो व्यवसाय सुरु गर्नुभन्दा अगाडि व्यवसाय दर्ता गर्नुहुन र कानुनले तोकेको समयमा विवरण पेश गर्नुहुन तथा आफूले बुझाउनुपर्ने विभिन्न प्रकारका करहरु समयभित्र बुझाई ब्याज, जरिवाना, शुल्क लगायत अन्य कारवाहीबाट आफूलाई सुरक्षित गर्नुहुन अनुरोध गर्दछु । यसका अतिरिक्त म कर प्रशासनमा संलग्न सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई पनि कार्य सम्पादन गर्दा करदातालाई सहज हुने तरिका अपनाई करदातामैत्री व्यवहार प्रदर्शन गर्नुहुन एवं कार्य सम्पादनको दौरानमा सदाचारितालाई सदैव अवलम्वन गर्नुहुन अनुरोध गर्दछु ।

# करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन

### समयमा नै करको दायित्व पूरा गरी ढुक्क रहन चिकित्सकहरुलाई आग्रह

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले स्वास्थ्य र करको समस्या दुवै Chronic भयो भने जटिल भएर जाने धारणा व्यक्त गर्नुभएको छ । करदाता सेवा कार्यालय ठमेलद्वारा फागुन १८ गते शुक्रबार चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल) को सभाहलमा आयोजित कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्नुहुँदै उहाँले यो विचार व्यक्त गर्नुभएको हो ।



वीर अस्पतालमा आयोजित कार्यक्रमका सहभागीहरु



वीर अस्पतालमा आयोजित कार्यक्रममा करदाता शिक्षा ग्रहण गर्दै सहभागीहरु

मन्तव्य राख्ने क्रममा महानिर्देशक श्री शर्माले उपस्थित चिकित्सक, नर्सिङ, प्यारामेडिकल तथा अन्य प्रशासनिक कर्मचारीहरुलाई आय करका तहहरुको बारेमा जानकारी राख्न, वस्तु तथा सेवाको खरिद गर्दा अनिवार्य रुपमा बिलबिजक लिन तथा मू.अ.कर र आयकरको स्रोतमा कर कट्टीका बारेमा सामान्य जानकारी राख्न आग्रह गर्नुभयो । सो कार्यक्रममा विशेष अतिथिको रुपमा आफ्नो मन्तव्य राख्नुहुँदै चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका उपकुलपति प्रा.डा. दामोदरप्रसाद पोखरेलले आम करदाताहरुलाई करको पर्याप्त सचेतना प्रदान गर्न सके करको सहभागिता स्वतः अभिवृद्धि हुने धारणा राख्नुभयो । करदाता सेवा कार्यालय, ठमेलका प्रमुख कर अधिकृत श्री सन्तोष श्रेष्ठको स्वागत मन्तव्यबाट प्रारम्भ भएको सो कार्यक्रममा कर अधिकृत श्री भोगीराज राईले करको परिचय, कर दर्ता, आय कर, वित्तीय विवरण, मू.अ.कर, स्वास्थ्य सेवा कर लगायतका विषयहरूको बारेमा सहभागीहरूलाई जानकारी गराउनुभएको थियो ।

सो अन्तरक्रिया कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राममणि दुवाडी, आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. २, का प्रमुख कर प्रशासक श्री जयदेव श्रेष्ठ, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल) का शिक्षाध्यक्ष प्रा.डा. सीताराम चौधरी, निर्देशक प्रा.डा. बुलन्द थापा, आन्तरिक राजस्व विभागका निर्देशक श्री केदार शर्मा, आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. २ का प्रमुख कर अधिकृत श्री युगराज पाण्डेलगायत अन्य कर अधिकृतहरूको समेत उपस्थिति रहेको थियो ।

### शिक्षकहरुसँग करदाता शिक्षा कार्यक्रम

करदाता शिक्षा कार्यक्रम सञ्चालनकै क्रममा फागुन ३० गते काठमाडौं मोडेल स्कूलको सभाहलमा पारिश्रमिक आय, कर कट्टी र शिक्षा सेवा शुल्क आदिका बारेमा करदाता शिक्षा कार्यक्रम सञ्चालन भयो । काठमाडौं मोडेल स्कूल र ब्राइट फिल्ड एकेडेमीमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको सहभागितामा सम्पन्न भएको उक्त कार्यक्रममा प्रमुख कर अधिकृत श्री सन्तोष श्रेष्ठले सहभागीहरूलाई स्वागत गर्दै करदाता शिक्षा कार्यक्रमको आवश्यकता र औचित्यको बारेमा भनाइ राख्नुभएको थियो । कार्यक्रममा सहभागीहरूकोतर्फबाट ब्राइट फिल्ड एकेडेमीका शिक्षक श्री रमेशजंग पाण्डेले यस प्रकारको कार्यक्रमले शैक्षिक संस्थामा कार्यरत शिक्षकहरूलाई थप सचेत बनाएको धारणा राख्नुभएको थियो । काठमाडौं मोडेल स्कूलका प्राचार्य श्री राजेन्द्र महर्जनले उक्त स्थानमा कार्यक्रम सञ्चालन भएकोमा करदाता सेवा कार्यालय ठमेलप्रति धन्यवाद ज्ञापन गर्नुभएको थियो ।



काठमाडौं मोडेल स्कूलमा आयोजित करदाता शिक्षा कार्यक्रम

त्यसैगरी फागुन ६ र ११ गते करदाता सेवा कार्यालय, ठमेलको हलमा विभिन्न व्यवसायसँग सम्बन्धित करदाताहरूलाई अग्रिम कर कट्टीसम्बन्धी र मूल्य अभिवृद्धि करको परिचय एवं करमा दर्ता भएपछि पालना गर्नुपर्ने प्रावधानहरूको बारेमा जानकारी दिने अभिप्रायले करदाता शिक्षा कार्यक्रम सञ्चालन भयो । ती कार्यक्रमहरूमा प्रमुख कर अधिकृत श्री सन्तोष श्रेष्ठले सहभागीहरूलाई स्वागत गर्दै करदाता शिक्षा कार्यक्रमको आवश्यकता र औचित्यको बारेमा जानकारी दिनुभयो ।

### आन्तरिक राजस्व कार्यालय, दाङ

करदाता शिक्षा, सूचना तथा अन्तरक्रियाको माध्यमबाट करसम्बन्धी सचेतना जगाउने क्रममा कार्यालयको कार्य क्षेत्रअन्तगर्त पर्ने विभिन्न स्थानहरूमा चालु आ.व. २०६९/०७० को सुरूबाटै घुम्ती सेवा तथा करदाता शिक्षा कार्यक्रमहरू सघन रूपमा सञ्चालन गरिरहेको छ । कार्यालयको कार्य क्षेत्र अन्तर्गतका डे वान विवरण भर्ने करदाताहरूको बाहुल्यता रहेको रोल्पा जिल्लाको सुलीचौर, लिवाङ र होलेरी, सल्यानको श्रीनगर, थारमारे, सल्लीबजार र खलङ्गा, प्यूठानको मच्छी, वाहने, बिजुवार, बाग्दुला, भिङ्गृ र दाङको लमही, भालुवाङ र सिसहनिया लगायतका क्षेत्रमा पुगी आय विवरण संकलन गर्ने, नयाँ स्थायी लेखा नम्बर वितरण गर्ने, अन्तःशुल्क इजाजत जारी तथा नवीकरण गर्ने र करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने लगायतका सेवा तथा कार्यक्रम सञ्चालन गरियो । सो क्रममा ३३ लाख ५० हजार राजस्व संकलन गरिएको थियो भने २० स्थानमा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो । त्यस्तै १०५० वटा डे वान आय विवरण संकलन, ३०१ जना करदाताहरूलाई स्थायी लेखा नम्बर वितरण, १६९ वटा अन्तःशुल्क नवीकरण तथा इजाजतपत्र समेत जारी गरिएको थियो ।

### आन्तरिक राजस्व कार्यालय, भैरहवा (फागुन)

आन्तरिक राजस्व कार्यालय, भैरहवा एवं सिद्धार्थनगर र नवलपरासी उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा २०६९ फागुन ६ गते सिद्धार्थनगर उद्योग वाणिज्य संघ, रूपन्देहीको सभाहलमा करदाता शिक्षाबारे अन्तरक्रिया आयोजना गरियो । यस्तै फागुन ११ गते नेपाल उद्योग वाणिज्य संघ नवलपरासीको सभाहलमा करदाता शिक्षा तथा कर प्रशासन र करदाताबीचको सहकार्य तथा आयकर,

मू.अ.कर र अन्त:शुल्क जस्ता विषयहरूमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उद्योग वाणिज्य संघ, रूपन्देही र नवलपरासीका अध्यक्ष लगायतका अन्य पदाधिकारीहरू तथा विभिन्न क्षेत्रका उद्यमी व्यवसायी करदाताहरूको सहभागिता रहेको ती कार्यक्रमहरूमा कर नीति, विद्यमान कानुनी व्यवस्था र कर प्रशासनसँग सम्बन्धित विषयमा भएको व्यवस्थाका लगायत अन्य विविध विषयहरूमा आन्तरिक राजस्व कार्यालय, भैरहवाका प्रमुख कर अधिकृत श्री जनकराज शर्माले प्रकाश पार्नुभएको थियो ।




*भैरहवामा आयोजित अन्तरक्रिया कार्यक्रम*

साथै कर कानुनको पालना, करको दायरा विस्तार र करदाता शिक्षालाई आम करदाताबीचमा पुऱ्याउने लगायतका पक्षमा सिद्धार्थनगर उद्योग वाणिज्य संघ र उद्योग वाणिज्य संघ नवलपरासीका पदाधिकारीहरूले आगामी दिनमा अझ बढी सहयोग र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

### आन्तरिक राजस्व कार्यालय, जनकपुर (फागुन)

कृषि विकास मन्त्रालयका सचिव श्री जयमुकुन्द खनालको प्रमुख आतिथ्यमा कृषि विकास मन्त्रालयको पूर्वाञ्चल र मध्यमाञ्चल विकास क्षेत्रको तराईमा अवस्थित जिल्लाका कृषि विकास कार्यालय र पशुसेवा कार्यालयका कार्यालय प्रमुख एवं लेखा प्रमुखहरुको लागि यही फाल्गुण २४ गते जनकपुरमा आयोजना गरेको आर्थिक प्रशासनसम्बन्धी कार्यशाला गोष्ठीमा प्रमुख कर अधिकृत श्री रमेश अर्याल र कर अधिकृत श्री रामप्रसाद रेग्मीले आयकर र मूल्य अभिवृद्धि कर को विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो। सो कार्यक्रममा सहभागीहरुले पारिश्रमिक कर कट्टी, अग्रिम कर कट्टी र मूल्य अभिवृद्धि करको बिल बिजकका सम्बन्धमा विविध जिज्ञाशा राखेका थिए । सो अवसरमा सचिव श्री खनालले निजामती कर्मचारीहरुको रोजगारीको आयमा लाग्ने कर तथा कर छुटका प्रावधानहरु सबै कर्मचारीहरुलाई जानकारी गराइरहनु पर्ने उल्लेख गर्नुभयो ।



*जनकपुरको गौशालामा आयोजित करदाता शिक्षा कार्यक्रम*

सो कार्यक्रममा कृषि विभाग, पशुसेवा विभाग र खाद्य प्रविधि तथा गुणस्तर विभागका महानिर्देशकहरु एवं क्षेत्रीय निर्देशकहरुको समेत उपस्थिति रहेको थियो ।

त्यसैगरी, फागुन १६ गते जनकपुरमा ईंटा व्यवसायीहरुको भेला गरी आ.रा.का. जनकपुरले उनीहरुलाई करसम्बन्धी जानकारी गराएको छ । जनकपुर अञ्चल ईंटा व्यवसायी संघका अध्यक्ष श्री विनयकुमार यादवलगायत पदाधिकारीहरु तथा ईंटाभट्टा व्यवसायीहरुको उपस्थितिमा भएको सो कार्यक्रममा प्रमुख कर अधिकृत श्री रमेश अर्याल र कर अधिकृत श्री प्रदीप रेग्मीले अन्त:शुल्क, आय कर र मूल्य अभिवृद्धि करको बारेमा जानकारी गराउनु भएको थियो। सो अवसरमा सबै ईंटा व्यवसायीहरुलाई मूल्य अभिवृद्धि करमा दर्ता हुन आग्रह गर्दै सोको दर्ता प्रक्रियाबारे समेत जानकारी गराइएको थियो ।

करदाता शिक्षा कार्यक्रम सञ्चालनकै क्रममा आन्तरिक राजस्व कार्यालय, जनकपुरको आयोजना र गौशाला उद्योग वाणिज्य संघको सहकार्यमा माघ १० गते महोत्तरी जिल्लाको गौशालामा अर्को करदाता शिक्षा कार्यक्रम सम्पन्न भयो। गौशाला उद्योग वाणिज्य संघका अध्यक्ष श्री वीरेन्द्रकुमार साहको अध्यक्षतामा भएको उक्त कार्यक्रममा प्रमुख कर अधिकृत श्री रमेश अर्यालले आयकर, मूल्य अभिवृद्धि कर र अन्तशुल्कको विविध विषयमा जानकारी गराउनुभएको थियो। सो क्षेत्रका उद्योगी व्यवसायीहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा सहभागीहरुले करदाता शिक्षा कार्यक्रमबाट करसम्वन्धी धेरै जानकारी पाएको र नबुझेको कुरा बुझ्न पाएकोले कार्यक्रम फलदायी भएको प्रतिक्रिया दिएका छन्। सो कार्यक्रममा प्रमुख कर अधिकृत श्री रमेश अर्याल र कर अधिकृत श्री सुन्दरश्याम ठाकुरले सहभागीले सोधेका प्रश्नहरुको जवाफ दिनुभएको थियो।

### आन्तरिक राजस्व कार्यालय, कृष्णनगर




*घुम्ती शिविरमा करदातालाई सेवा प्रदान गर्दै कर्मचारीहरु*

आ.रा.का. कृष्णनगरले करदाताको घर दैलोमा सेवा पुऱ्याउने उद्देश्यले अर्घाखाँचीको सन्धिखर्कमा कर घुम्ती शिविर सञ्चालन गरेको छ । आन्तरिक राजस्व कार्यालय कृष्णनगरका कर अधिकृत सुर्य सुर्खालीको संयोजकत्वमा खटिएको टोलीले उद्योग वाणिज्य संघ अर्घाखाँचीको सभाहलमा यही फागुन १७ र १८ गते उक्त शिविर सम्पन्न गरेको हो ।




*करदाता शिक्षाका लागि सञ्चालित घुम्ती शिविर*

उद्योग वाणिज्य संघ अर्घाखाँचीको समन्वयमा सञ्चालित सो कार्यक्रममा अर्घाखाँची जिल्लाको सन्धिखर्क लगायत विभिन्न गाविसहरूबाट आएका करदाताहरूलाई स्थायी लेखा नम्बर (PAN) प्रदान, मूल्य अभिवृद्धि कर दर्ता, आय विवरण बुझ्ने तथा करदाता शिक्षा प्रदान गर्ने, अन्त:शुल्क इजाजत प्रदान गर्ने तथा मू.अ.करमा दर्ता भएका करदाताहरूको कारोवारस्थलमा मैत्रीपूर्ण भ्रमण गर्ने कार्य सम्पन्न गरिएको थियो । सो अवसरमा जिल्लाका ७८ नयाँ फर्महरूलाई स्थायी लेखा नम्वर (PAN) वितरण गरिएको थियो भने उल्लेख्य संख्यामा आय विवरण बुझी राजस्व संकलन गरिएको थियो । सो कार्यमा कोष तथा लेखा नियन्त्रक कार्यालय, अर्घाखाँची र उद्योग वाणिज्य संघ अर्घाखाँचीबाट महत्वपूर्ण सहयोग प्राप्त भएको थियो ।

### आन्तरिक राजस्व कार्यालय, पोखरा

प्याराग्लाइडिङ सञ्चालक एवं कर्मचारीहरूलाई आयकर तथा मूल्य अभिवृद्धि करसम्बन्धी जानकारी दिने उद्देश्यले लेकसाइड पोखरास्थित Nepal Air Sports Association को कार्यालय परिसरमा एक दिने करदाता शिक्षा कार्यक्रम सञ्चालन गरी नगर क्षेत्रमा सञ्चालनमा रहेका प्याराग्लाइडिङ व्यवसाय गर्ने करदाताहरूलाई मूल्य अभिवृद्धि करमा दर्ता गराइएको छ । साथै, करदाताहरूलाई करको दायरामा ल्याएर करको दायरा विस्तार गर्ने सन्दर्भमा २०६९ माघ महिनामा घान्द्रुक गाविसका क्रमश: वडा नं. ४ र ८ मा रहेका पर्यटकीय होटल, रेष्टुरेन्ट एवं व्यापारीहरूलाई स्थानीय होटल व्यवसायी संघको समन्वयमा स्थायी लेखा नम्बर तथा अन्त:शुल्क ईजाजत प्रमाणपत्र प्रदान गरिएको थियो । क्षेत्रीय प्रशासक श्री सुमन शर्मा तथा कार्यालयका प्रमुख कर अधिकृत श्री लक्ष्मणबहादुर वस्नेतबाट संयुक्त रूपमा करदाताहरूलाई स्थायी लेखा नम्बर तथा अन्त:शुल्क ईजाजत प्रमाणपत्र वितरण गर्नुभएको थियो । साथै, सो क्षेत्रमा करदाता शिक्षा कार्यक्रम समेत सञ्चालन गरिएको थियो । उक्त अवसरमा स्थानीय होटल व्यवसायीहरूले यसरी घरदैलोमा सेवा प्राप्त गर्न पाएकोमा खुशी प्रकट गरेका थिए ।

आन्तरिक राजस्व कार्यालय, पोखराले चालु आ.व.को श्रावण, भाद्र र आश्विन महिनामा जिल्लास्तरीय उद्योग वाणिज्य संघका पदाधिकारीहरूको समन्वयमा आय विवरण तथा

कर संकलन गर्न र करदाताहरूलाई करदाता दर्ता, आयकर, मूल्य अभिवृद्धि कर, अन्त:शुल्क, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा कर, अग्रिम कर कट्टी लगायतका विषयहरूमा सुसूचित गर्न कास्की, तनहुँ, स्याङ्जा, पर्वत, बाग्लुङ, लमजुङ, गोरखा, म्याग्दी जिल्लाका विभिन्न स्थानहरूमा डोर खटाएको थियो । साथै, आय विवरण र अन्त:शुल्क ईजाजत प्रमाणपत्र नवीकरण Online प्रविष्टि गरी आयविवरण पेश गरेको निस्सा तथा अन्त:शुल्क ईजाजत प्रमाणपत्र Online Verify गरी स्थानीय तहमा तत्कालै उपलब्ध गराइएको थियो । साथै, तनहुँ महोत्सव २०६९, लेखनाथ महोत्सव २०६९ र वालिङ महोत्सव २०६९ मा आ.रा.का. पोखराले स्टल राखी महोत्सव अवलोकन गर्न आएका व्यक्तिहरूलाई करसम्बन्धी जानकारी गराइएको थियो ।

Restaurant & Bar Association Nepal, Pokhara को सहयोगमा पोखरामा सञ्चालित होटल र रेष्टुँराहरूलाई मू.अ.कर ऐन २०५२ को दफा १०(ख) बमोजिम अस्थायी रूपमा मूल्य अभिवृद्धि करमा दर्ता गरी करको दायरामा ल्याउने प्रयासको थालनी समेत गरिएको छ ।

### करदाता सेवा कार्यालय, कलंकी

करदाता सेवा कार्यालय कलंकीको आयोजना तथा पश्चिम भेगीय किराना व्यापारी समूह एवं पश्चिम भेगीय मदिरा व्यापारी समूहको समन्वयमा माघ १७ गते काठमाडौं जिल्लाको सतुंगल गाविसस्थित सतुंगल पार्टी प्यालेस परिसरमा करदाता शिक्षा कार्यक्रम सम्पन्न भयो ।



*सतुंगलमा आयोजित करदाता शिक्षा कार्यक्रम उद्घाटन गर्दै उपमहानिर्देशक राममणि दुवाडी*

आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राममणि दुवाडीको प्रमुख आतिथ्य तथा पश्चिम भेगीय मदिरा व्यवसायी संघका अध्यक्ष श्री राजमान श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. ३ का प्रमुख कर प्रशासक श्री राजेन्द्रप्रसाद शर्मा, आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. ३ का प्रमुख कर अधिकृत किशोर जोशी तथा करदाता सेवा कार्यालय कलंकीका प्रमुख कर अधिकृत श्री डमरूप्रसाद पराजुली र कर अधिकृतहरू लगायत स्थानीय व्यापारीको सहभागिता रहेको थियो ।

सो अवसरमा पश्चिम भेगीय व्यापार संघका उपाध्यक्ष श्री डम्बरबहादुर बानियाँ, पश्चिम भेगीय मदिरा व्यवसायी संघका सल्लाहकार तथा काठमाडौं जिल्ला मदिरा व्यापारी महासंघका महासचिव विष्णुकुमार श्रेष्ठ एवं नेपाल मदिरा व्यवसायी संघका केन्द्रीय महासचिव श्री विष्णु खड्काले व्यवसायीहरूको तर्फबाट मन्तव्य राख्नुभएको थियो ।




*सतुंगलमा आयोजित करदाता शिक्षा कार्यक्रमका सहभागीहरु*

कार्यक्रममा करदाता सेवा कार्यालय कलंकीका प्रमुख कर अधिकृत श्री डमरूप्रसाद पराजुलीले सांगठनिक संरचना र सेवा कार्यालयले उपलब्ध गराउने सेवाहरूको बारेमा र करदाता सेवा कार्यालय कलंकीका कर अधिकृत श्री प्रेमप्रसाद तिम्सिनाले करसम्बन्धी प्रक्रियागत विषयमा करदाताहरूलाई जानकारी गराउनुभएको थियो । कार्यक्रमको दोस्रो सत्रमा करदाताहरूको जिज्ञासाको उत्तर प्रमुख कर अधिकृत र कर अधिकृतले दिनुभएको थियो । सो कार्यक्रममा ७३ जना करदातालाई स्थायी लेखा नम्बर प्रदान गरिएको थियो ।

### करदाता सेवा कार्यालय, इलाम

फागुन ५ गते आन्तरिक राजस्व कार्यालय भद्रपुरका प्रमुख कर अधिकृत श्री नारायण ढकालको प्रमुख आतिथ्यमा उद्योग वाणिज्य संघ फिक्कल र उद्योग वाणिज्य संघ पशुपतिनगरको सहभागितामा फिक्कल गाविस भवनमा करदाता शिक्षा कार्यक्रम सम्पन्न भएको थियो । त्यसैगरी फागुन ९ गते जिल्लामा कार्यरत लेखा समूहका सम्पूर्ण कर्मचारीहरूलाई E-TDS को प्रयोगात्मक १ दिने अनुशिक्षण कार्यक्रम सम्पन्न गरिएको थियो । करदाता सेवा कार्यालय, इलामले इलाम र फिक्कल बजारमा नियमित बजार अनुगमन समेत सञ्चालन गरिरहेको छ ।

### आन्तरिक राजस्व कार्यालय, भैरहवा (चैत्र)



*नवलपरासीमा आयोजित अन्तरक्रिया कार्यक्रम*

चैत्र ९ र १२ गते नवलपरासी जिल्लाको परासी बजार र भैरहवामा आन्तरिक राजस्व कार्यालय, भैरहवाबाट करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न भएका छन् । परासीमा आयोजित कार्यक्रम जिल्ला प्रशासन कार्यालय, नवलपरासीका प्रमुख जिल्ला अधिकारी श्री वेदप्रकाश लेखकको सभापतित्वमा र भैरहवाको कार्यक्रम आन्तरिक राजस्व कार्यालय, भैरहवाका प्रमुख कर अधिकृत श्री जनकराज शर्माको सभापतित्वमा सम्पन्न भएको थियो । परासीको कार्यक्रममा आफ्नो मन्तव्य राख्नुहुँदै प्रमुख जिल्ला अधिकारी श्री लेखकले करदाता शिक्षाको महत्वका बारेमा प्रष्ट्याउनु भएको थियो । सो कार्यक्रममा आन्तरिक राजस्व कार्यालय, भैरहवाका प्रमुख कर अधिकृत श्री जनकराज शर्माले करसम्बन्धी आधारभूत जानकारी समेटिएको कार्यपत्र प्रस्तुत गर्दै करदाताहरू स्वंय करसम्बन्धी जानकारीको अभावमा दु:ख पाइरहेको अनूभुति भएकाले यस्ता कार्यक्रमहरू माग बमोजिम सञ्चालन गर्न आफू तत्पर रहेको जानकारी गराउनुभयो । मन्तव्य राख्ने क्रममा उद्योग वाणिज्य संघ परासीका अध्यक्ष श्री वैजनाथ जयसवाल, नेपाल अडिटर्स एशोसियसन, रूपन्देहीका अध्यक्ष श्री डि. आर. शर्मा लगायत सिद्धार्थनगर उद्योग वाणिज्य संघका अध्यक्ष श्री विष्णुप्रसाद शर्माले कर प्रणालीमा सुधार गरी उद्योगी व्यवसायीहरूलाई सहज वातावरण बनाइनुपर्ने धारणा राख्नुभएको थियो । कार्यक्रममा सहभागीहरूको जिज्ञासाको उत्तर प्रमुख कर अधिकृत श्री शर्माले दिनुभएको थियो । उक्त कार्यक्रममा भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत कुलराज ज्ञवाली तथा सि.ए. श्री शिवहरि शर्माले समेत आफ्नो धारणा राख्नुभएको थियो । सो कार्यक्रमहरूमा नवलपरासी जिल्ला प्रहरी प्रमुख, प्रमुख कोष नियन्त्रक श्री श्रीकृष्ण नेपाल तथा सिद्धार्थनगर उद्योग वाणिज्य संघका अध्यक्ष श्री विष्णुप्रसाद शर्मा लगायतका व्यवसायीहरूको उपस्थिति रहेको थियो ।

### करदाता सेवा कार्यालय, त्रिपुरेश्वर




*करदाता सेवा कार्यालय त्रिपुरेश्वरले आयोजना गरेको कार्यक्रम*

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले २०६९ चैत्र ३ गते शनिबार नेपाल निर्माण सामाग्री व्यापार संघ काठमाडौं क्षेत्र नं. ६ अन्तर्गतका करदाताहरूसँग टेकुस्थित अम्बे कम्प्लेक्समा करदाता सेवा कार्यालय त्रिपुरेश्वरले आयोजना गरेको कर शिक्षा तथा अन्तरक्रिया कार्यक्रममा करदाता

र कर प्रशासकहरूबीच मैत्रीपूर्ण वातावरण निर्माण गर्नुपर्ने, करदाताले समयमा नै करको विवरण पेश गरी लाग्ने कर रकम दाखिला गर्नुपर्ने र लेखा अद्यावधिक राख्नुपर्ने र कर प्रशासकहरूले करदाताको वास्तविक समस्यालाई सम्बोधन हुने गरी करदातामैत्री व्यवहार गर्नुपर्ने धारणा व्यक्त गर्नुभएको छ । साथै कुनै करदाताले गलत मनसायबाट प्रेरित भई कर कानुनको अवज्ञा गर्ने, कर छली एवं चुहावट गर्ने र कर प्रशासनलाई असहयोग हुने कार्य गरी कानुनको परिपालना नगरेमा कडा कारवाही हुने कुरा समेत उपस्थित करदाताहरूलाई जानकारी गराउनुभयो । सो कार्यक्रममा आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. २ का प्रमुख कर प्रशासक श्री जयदेव श्रेष्ठ, नेपाल निर्माण सामाग्री व्यापार संघका अध्यक्ष श्री कृष्ण रिजाल र नेपाल निर्माण सामाग्री व्यापार संघ काठमाडौं क्षेत्र नं. ६ टेकुका अध्यक्ष श्री श्यामसुन्दर श्रेष्ठले समेत आफ्नो मन्तव्य राख्नुभएको थियो । सो कार्यक्रममा करदाता सेवा कार्यालय, त्रिपुरेश्वरका कर अधिकृतहरू, पत्रकारहरू लगायत नेपाल निर्माण सामाग्री व्यापार संघ काठमाडौं क्षेत्र नं. ६ अन्तर्गतका करदाताहरूको उपस्थिति रहेको थियो ।


करसेका त्रिपुरेश्वरले आयोजना गरेको कार्यक्रमका सहभागीहरु

करदाता सेवा कार्यालय, त्रिपुरेश्वरका प्रमुख कर अधिकृत श्री षडानन्द गुरूङको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा प्रमुख कर अधिकृत श्री गुरूङले कर शिक्षा कार्यक्रममा पाल्नु भएका सम्पूर्ण महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्दै उद्घाटन सत्र समापन गर्नुभएको थियो ।

कार्यक्रमको दोस्रो सत्रमा करदाता सेवा कार्यालय, त्रिपुरेश्वरका कर अधिकृतहरू श्री नारायणप्रसाद बास्तोलाबाट पान (PAN) दर्ता, मूल्य अभिबृद्धि कर दर्ता, दर्ता पछि पूरा गर्नु पर्ने दायित्व, ठेक्का वा करारसम्बन्धी व्यवस्था, निर्माणसम्बन्धी बिशेष व्यवस्था, बिजक, कम्प्युटर बिलिङ, डेबिट क्रेडिट नोट, दण्ड सजाय एवं दर्ता खारेजी जस्ता बिषयवस्तुहरू समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कर अधिकृत श्री रूदसिंह महराबाट कारोवारको अभिलेख, खरिदबिक्री खाता, कर विवरण, कर कट्टीसम्बन्धी व्यवस्थाहरू, करको भुक्तानीसम्बन्धी र कर अधिकृत श्री सत्येन्द्रमोहन गुरूङबाट अनुमानित कर विवरण, किस्ता रकम, आय विवरण, विवरणका किसिम, आयकर भुक्तानी, अग्रिमकर कट्टी, ब्याज तथा शुल्क, प्रशासकीय पुनरावलोकन तथा पुनरावेदनसम्बन्धी बिषयहरूमा उपस्थित करदाताहरूका माझ कार्यपत्र प्रस्तुत गर्नुका साथै करदाताहरूले उठाएका प्रश्नहरू समाधान गर्ने र सोका बारेमा आयकर तथा मूल्य अभिवृद्धि करमा भएका विषयबस्तु र व्यवहारिक ज्ञान समेत प्रदान गर्नुभएको थियो ।


नेपाली सेनाका लागि आयोजित करदाता शिक्षा कार्यक्रम

त्यसैगरी, करदाता सेवा कार्यालय, त्रिपुरेश्वरकै आयोजनामा यही फागुन २० गते आइतबारका दिन नेपाली सेनाको मुख्यालय भद्रकाली स्थित आर्मी अफिसर्स क्लबमा उपत्यका भित्रका नेपाली सेनाको आर्थिक प्रशासन हेर्ने अधिकृत तथा सहायक कर्मचारीहरूलाई करदाता शिक्षा प्रदान गरियो ।

कार्यक्रममा अग्रिम करकट्टी (TDS) रकमलाई Online Entry गर्ने तरिका र Entry गरेपछि सम्बन्धित करदाता सेवा कार्यालयमा गई भेरिफाई गर्ने लगायतका करसँगसम्बन्धित सम्पूर्ण कुराहरूको जानकारी गराइएको थियो । करदाता सेवा कार्यालय त्रिपुरेश्वरका प्रमुख कर अधिकृत श्री षडानन्द गुरूङबाट भुक्तानीमा करकट्टीसम्बन्धी र कर अधिकृत श्री लक्ष्मीकुमारी अधिकारीवाट रोजगारीवाट भएको आय गणनाका विषयहरूमा केन्द्रीत रहेर कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यपत्र प्रस्तुति पछि उठेका करसम्बन्धी जिज्ञासाहरूको जवाफ प्रमुख कर अधिकृत श्री षडानन्द गुरूङले दिनु भएको थियो । सो कार्यक्रममा नेपाली सेनाका आर्थिक प्रशासन विभागका प्रमुख जर्नेल श्री यादवध्वज देउजाद्वारा करदाता शिक्षा कार्यक्रमका सम्बन्धमा आफ्ना धारणा राख्नुभएको थियो ।

## करदाता सेवा कार्यालय ठमेल


औषधी व्यवसायीहरुसँग आयोजित करसम्बन्धी अन्तर्क्रिया

करदाता सेवा कार्यालय ठमेलको सहकार्य तथा औषधि व्यवसायी संघ, वाग्मती अञ्चल शाखाको आयोजनामा सिद्धिगणेश पार्टी भेन्यू, सोह्रखुट्टे, काठमाडौंमा २०६९ चैत्र २४ गते शनिवार आयकर, स्वास्थ्य सेवा कर, क्लिनिक दर्ता तथा आधारभूत लेखा प्रणालीसम्बन्धी एक दिने कार्यशाला सम्पन्न भयो । आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपालको प्रमुख आतिथ्यमा सम्पन्न भएको उक्त कार्यक्रममा काठमाडौं उपत्यका लगायत वाग्मती अञ्चलका औषधी व्यवसायीहरूको सहभागिता रहेको थियो ।

उपमहानिर्देशक विष्णुप्रसाद नेपालले कार्यक्रमलाई सम्बोधन गर्दै आयकर ऐन २०५८ ले स्वयं कर निर्धारणको व्यवस्थाअन्तर्गत करदाताहरू पहिलो कर अधिकृत भएकाले करदाता शिक्षामार्फत् करदाताहरूको सचेतना अभिवृद्धि गरी कर सहभागिता व्यापक बनाउने आन्तरिक राजस्व विभागको नीति रहेको बताउनुहुँदै करदाताहरूलाई सर्वसुलभ तरिकाले सेवा पुऱ्याउने तथा करदाताहरूको निकटमा रहेर सेवा पुऱ्याउने अभिप्रायले करदाता सेवा कार्यालयहरूको स्थापना गरिएको बताउनुभयो ।

औषधि व्यवसायी संघ, केन्द्रीय कार्य समितिका उपाध्यक्ष श्री मृगेन्द्रमेहेर श्रेष्ठले शुभकामना मन्तव्य व्यक्तबाट प्रारम्भ भएको सो कार्यक्रममा औषधि व्यवसायी संघ वाग्मतीका अध्यक्ष तथा कार्यक्रमका सभापति श्री रामेश्वर श्रेष्ठले व्यावसायिक सुरक्षाका साथसाथै ऐन कानुनको पालना सम्पूर्ण व्यवसायीहरूको सरोकारको विषय भएको भन्दै सबैमा करसम्बन्धी सचेतना जरूरी भएकाले सरकारी निकायहरूसँग सहकार्य गरी नीति नियमको पालना एवं प्रभावकारी कार्यान्वयनमा औषधी व्यवसायी संघ सदैव तयार रहने बताउनुभयो । उक्त कार्यक्रममा करदाता सेवा कार्यालय ठमेलका कर अधिकृत भोगीराज राईले आयकर तथा स्वास्थ्य सेवा करको विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

## करदाता सेवा कार्यालय, कालिमाटी



करसेका कालिमाटीले आयोजना गरेको अन्तर्क्रिया

करदाता सेवा कार्यालय, कालिमाटीको आयोजनामा कालिमाटी ब्याङ्क्वेट, कालिमाटीमा आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपालको प्रमुख आतिथ्य तथा

करदाता सेवा कार्यालय कालिमाटीमा प्रमुख कर अधिकृत श्री शिवकुमार कटवालको सभापतित्वमा २०६९ चैत्र १८ मा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।



*कालिमाटीमा आयोजित अन्तरक्रियामा मन्तव्य राख्दै उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपाल*

कार्यक्रममा उप महानिर्देशक श्री नेपालले व्यवसायीले उठाएका करसम्बन्धी विभिन्न जिज्ञासाहरूको जवाफ दिँदै इमान्दारितापूर्वक कर तिरी आधुनिक र समृद्ध राष्ट्र निर्माणमा जुट्नु पर्ने कुरामा जोड दिनुभएको थियो । मन्तव्यका क्रममा काठमाडौं क्षेत्र नं. ३ का प्रमुख कर प्रशासक श्री राजेन्द्रप्रसाद शर्माले यो वर्ष विभागले कर प्रणाली सुधारको वर्षको रूपमा मनाइरहेकाले सो अनुसार कर प्रणालीका विविध पक्षमा सुधार गरिरहेको उल्लेख गर्नुभयो । करदाता सेवा कार्यालय कालीमाटीका प्रमुख कर अधिकृत श्री कटवालले करका विवरण र कर समयमै तिर्न तथा घर वहाल आयको स्वयं घोषणा गरी बहाल आय पुस्तिका लिन आग्रह गर्नुभयो । साथै उहाँले कर सँग डर होइन भर गरौं भन्दै करसम्बन्धी दायित्व समयमै पुरा गर्न जोड दिनुभयो । सो कार्यक्रममा उद्योगी व्यवसायीकातर्फबाट खुद्रा व्यापार संघका अध्यक्ष श्री पवित्रमान वज्राचार्य र खाद्य किराना संघका अध्यक्ष श्री देवेन्द्र श्रेष्ठले मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका निर्देशक श्री नारायण सुवेदी, आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. ३ का प्रमुख कर अधिकृत श्री दीलिपकुमार गौतम लगायत यस क्षेत्रका उद्योगी, व्यापारी, लेखापरीक्षक, पत्रकार समेतको उपस्थिति थियो । सो कार्यक्रममा आयकर सम्बन्धी कार्यपत्र कर अधिकृत श्री उदय राम के.सी र मूल्य अभिवृद्धि कर, अन्त: शुल्क तथा करदाता शिक्षासम्बन्धी कार्यपत्र कर अधिकृत श्री हेमराज जोशीले प्रस्तुत गर्नुभएको थियो ।

### करदाता सेवा कार्यालय, कोटेश्वर



*कोटेश्वरमा आयोजित करदाता शिक्षा कार्यक्रम*

करदाता सेवा कार्यालय, कोटेश्वरको आयोजनामा महादेवस्थान पार्टी प्यालेस, महादेवस्थान, कोटेश्वर मा २०६९ चैत्र १५ गते बिहीबार करदाता शिक्षा कार्यक्रम सम्पन्न भयो । कार्यालयका प्रमुख कर अधिकृत श्री लिलावल्लभ न्यौपानेको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रममा प्रमुख अतिथिको आसनबाट आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपाल र अतिथि आन्तरिक राजस्व कार्यालय क्षेत्र नं १ का प्रमुख कर प्रशासक श्री गणेशप्रसाद पाण्डेले करदाताहरूको जिज्ञासा र करसम्बन्धी समसामयिक नीतिगत विषयहरूमा प्रकाश पार्नुभएको थियो ।

उक्त कार्यक्रममा नेपाल निमाण सामाग्री व्यापार महासंघका अध्यक्ष श्री विनोदकेशरी उपाध्यायले Mismatch लगायतका विषयमा आफ्नो मन्तव्य राख्नुभयो भने नेपाल मार्वल व्यवसायी संघका अध्यक्ष श्री सत्येन्द्रपुरूष ढकालले करदाता शिक्षा प्रदान गर्दा सैद्धान्तिक एवं व्यावहारिक दुवै पक्षमा ध्यान दिनुपर्ने विषयमा जोड दिँदै महंगी र मुद्रास्फितिको आधारमा कर छुटको प्रावधानलाई बढाउनुपर्नेमा जोड दिनु भयो । त्यसैगरी कोटेश्वर व्यवसायी संघका अध्यक्ष श्री हरिशरण पाठकले घर बहाल करको दर र तिर्ने दायित्वको विषयमा स्पष्ट नीतिगत अभाव देखिएको कारणबाट व्यवसायीहरू मारमा परेको भनी गुनासो व्यक्त गर्नु भएको थियो । साथै करदाता शिक्षा कार्यक्रमले राजस्वसम्बन्धी अज्ञानतालाई हटाई कर के कसरी र किन तिर्ने भन्ने विषयमा जानकारी हुने कुरा व्यक्त गर्नुभयो । नेपाल निर्माण सामाग्री व्यापार महासंघ, नेपाल मार्बल व्यवसायी संघ, कोटेश्वर व्यवसायी संघका पदाधिकारीहरू तथा अन्य करदाताहरूको सहभागिता रहेको सो कार्यक्रममा कार्यालयका कर अधिकृत श्री राजेन्द्रप्रसाद भण्डारीले "कर सहभागिता : दतर्दिखि खारेजीसम्म" विषयको कार्यपत्र पेश गर्नुभएको थियो ।

### आन्तरिक राजस्व कार्यालय, जनकपुर (चैत्र)

आन्तरिक राजस्व कार्यालय, जनकपुरको आयोजनामा धनुषा जिल्लाको महेन्द्रनगर र ढल्केवरमा करदाता शिक्षा कार्यक्रमहरू सम्पन्न भएका छन् । महेन्द्रनगर उद्योग वाणिज्य संघका अध्यक्ष श्री रामजी सिंहको अध्यक्षतामा २०६९ चैत्र ८ गते महेन्द्रनगरमा र ढल्केवर उद्योग वाणिज्य संघका अध्यक्ष श्री रामकुमार महतोको अध्यक्षतामा चैत्र १० गते ढल्केवरमा उक्त कार्यक्रमहरूको भएका थिए । उक्त दुवै कार्यक्रमहरूमा प्रमुख कर अधिकृत श्री रमेश अर्याल, कर अधिकृत श्री रामप्रसाद रेग्मी र प्रदीप रेग्मीले आयकर, मूल्य अभिवृद्धि कर, अन्तशुल्क, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा शुल्कका विविध विषयमा जानकारी गराउनुभएको थियो भने कम्पुटर अधिकृत श्री रेवतीरमण ठाकुरले e TDS, e Return, PAN search लगायतका विषयमा जानकारी गराउनुभएको थियो । उक्त कार्यक्रमहरूमा सहभागीहरूले करदाता शिक्षा कार्यक्रमबाट करसम्बन्धी धेरै जानकारी पाएको र नबुझेको कुरा बुझ्न पाएकोले कार्यक्रम फलदायी बनेको चर्चा गरेका थिए ।

### आन्तरिक राजस्व कार्यालय, बिराटनगर



*विराटनगरमा आयोजित अन्तरक्रिया कार्यक्रम*

आन्तरिक राजस्व कार्यालय बिराटनगरबाट करदाता सचेतना र करदाता शिक्षा कार्यक्रम अन्तर्गत २०६९ चैत्र ९ गते देखि विराटनगरमा आयोजित नेपाल अडिर्टस एशोसिएसन (अडान) को तेश्रो राष्ट्रिय अधिवेशनको अवसरमा अतिथि सदनमा आयोजित कार्यक्रममा सहभागी लेखा परीक्षकहरूलाई लक्षित गरी कर सूचना केन्द्र (Tax Clinic) सञ्चालन गरेको छ । यसैगरी कार्यालयले आयोजना गरेको क्षेत्रगत करदाता शिक्षा एवं अन्तरक्रिया कार्यक्रमअन्तर्गत कार्यालयको सभाहलमा चैत्र ९ मा सामुदायिक विद्यालय क्षेत्रअन्तर्गत मोरङ जिल्लामा सञ्चालित सामुदायिक विद्यालयका सञ्चालक, प्रधानाध्यापक तथा विद्यालयका कर्मचारीहरूको सहभागिता थियो । त्यसैगरी चैत्र १६ मा सहकारीसम्बन्धी विषयमा सञ्चालित अन्तरक्रिया कार्यक्रममा जिल्ला सहकारी संघका अध्यक्ष श्री तेजकुमार रिजाल लगायतले मन्तव्य राख्नुभएको थियो भने सो कार्यक्रममा मोरङ जिल्लामा सञ्चालनमा रहेका सहकारीकर्मीहरूको उपस्थिति थियो ।

साथै चैत्र १९ गते मोरङ जिल्लाको पथरी गा.वि.स.मा आन्तरिक राजस्व कार्यालय बिराटनगर र पथरी व्यापार संघको आयोजनामा कर प्रशासन र कर नीति सम्बन्धी विषयमा एक दिवसीय कर तालिम सञ्चालन गरी करदातालाई करसम्बन्धी विविध विषयमा जानकारी प्रदान गरियो । आन्तरिक राजस्व कार्यालय विराटनगरका प्रमुख कर अधिकृत श्री गोपाल कोइरालाको प्रमुख आतिथ्य तथा पथरी व्यापार संघका अध्यक्ष श्री डिगबहादुर अधिकारीको सभापतित्वमा सञ्चालित सो कार्यक्रममा आन्तरिक राजस्व कार्यालय विराटनगरका कर अधिकृत श्री जीवनाथ ज्ञवालीले करदाताहरूको जिज्ञासाहरूको जवाफ दिनुभएको थियो । सो अवसरमा प्रमुख कर अधिकृत श्री गोपाल कोइरालाले कर प्रशासन करदातामैत्री बनाउन करदाता स्वयं पनि इमान्दार हुनुपर्ने र इमान्दार करदातालाई कार्यालयले सदैव प्रोत्साहन गर्ने तथा स्थानीय व्यापार संघको अनुरोधमा कार्यालयले यस्तो प्रकारको करदाता शिक्षा कार्यक्रम निरन्तर गरी वार्षिक कार्य योजना बनाई सेवाग्राहीलाई करसम्बन्धी सम्पूर्ण सुविधा उपलब्ध गराउने बताउनुभयो । सो क्षेत्रका करदाताहरूको सहभागिता रहेको सो कार्यक्रममा सहभागी करदाताहरूले यस्ता कार्यक्रमहरू निरन्तर रूपमा गरी चेतना अभिवृद्धि गराई दिएर कर कानुनको पालनामा सहयोग पुऱ्याई दिन अनुरोध गरेका थिए ।

# सरूवा तथा पदस्थापन

नेपाल सरकार अर्थ मन्त्रालयको २०६९ चैत्र २३ गतेको निर्णयअनुसार ठूला करदाता कार्यालय, हरिहरभवनका प्रमुख कर प्रशासक श्री आनन्द ढकाल र आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं २ का प्रमुख कर प्रशासक श्री जयदेव श्रेष्ठको क्रमश: राजस्व अनुसन्धान विभाग र महालेखा नियन्त्रक कार्यलयमा सरूवा भएको छ । सोही निर्णयबमोजिम ठूला करदाता कार्यालय र आ.रा.का. काठमाडौं क्षेत्र नं २ को प्रमुख कर प्रशासकमा क्रमश: श्री जगदीश रेग्मी र श्री डिल्ली सिवाकोटीको सरूवा भएको छ । लोक सेवा आयोगबाट सिफारिस भई आन्तरिक राजस्व विभाग वा विभाग अन्तर्गतका कार्यालयहरूमा पदस्थापन भई आएका नेपाल प्रशासन सेवा, राजस्व समूहका राजपत्रांकित तृतीय श्रेणीका ५५ जना अधिकृत कर्मचारीहरूको चैत्र २ गतेको विभागस्तरीय निर्णय वमोजिम आन्तरिक राजस्व विभाग र विभाग अन्तर्गतका कार्यालयहरूमा पदस्थापन गरिएको छ ।

पदस्थापन पूर्व ती अधिकृत कर्मचारीहरूलाई राजस्व प्रशासन तालिम केन्द्रबाट तीन महिने सेवा प्रवेश आधारभूत तालिम प्रदान गरिएको थियो ।

विभागबाट नव प्रवेशी अधिकृतहरूलाई आधारभूत कम्प्युटर र लेखा विषयको तालिम पनि दिइएको थियो ।

त्यसैगरी, नेपाल सरकार (सचिवस्तर) को मिति २०६९।१०।१९ को निर्णय अनुसार नेपाल प्रशासन सेवा, राजस्व समूह, राजपत्रांकित द्वितीय श्रेणीका निम्न बमोजिमका अधिकृत कर्मचारीहरूको समेत आन्तरिक राजस्व विभाग र विभागअन्तर्गतका कार्यालयहरूमा सरूवा गरिएको थियो । आन्तरिक राजस्व विभाग अन्तर्गतका कर्मचारीहरूको पदस्थापन तथा सरूवासम्बन्धी विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

| क्र.सं. | नाम | पद | साविकको कार्यालय | सरूवा भएको कार्यालय |
|---|---|---|---|---|
| १. | श्री चन्द्र श्रेष्ठ | प्र.क.अ. | आ.रा.का.काठमाडौं क्षेत्र नं. २ | अर्थ मन्त्रालय |
| २. | श्री खिमबहादुर कुँवर | प्र.क.अ. | क.से.का., नयाँ वानेश्वर | राजस्व अनुसन्धान विभाग |
| ३. | श्री जनकराज शर्मा | प्र.क.अ. | क.से.का., नयाँ सडक | आ.रा.का., भैरहवा |
| ४. | श्री अर्जुन भट्टराई | प्र.क.अ. | क.से.का., महाराजगञ्ज | आ.रा.का., वीरगञ्ज |
| ५. | श्री अविनाथ राई | उप सचिव | अर्थ मन्त्रालय | ठूला करदाता कार्यालय |
| ६. | श्री किशोर जोशी | प्र.क.अ. | आ.रा.का. काठमाडौं क्षेत्र नं. ३ | अर्थ मन्त्रालय |
| ७. | श्री शिवकुमार कटुवाल | प्र.क.अ. | आ.रा.का. काठमाडौं क्षेत्र नं. ३ | क.से.का., कालिमाटी |
| ८. | श्री लेखनाथ शर्मा | प्र.क.अ. | ठूला करदाता कार्यालय | आ.रा.वि. |
| ९. | श्री दीपक पहाडी | प्र.क.अ. | आ.रा.का., सिमरा | ठूला करदाता कार्यालय |
| १०. | श्री दीर्घराज मैनाली | प्र.क.अ. | आ.रा.का., विराटनगर | क.से.का., नयाँ वानेश्वर |
| ११. | श्री दीपक खरेल | प्र.क.अ. | आ.रा.का., भक्तपुर | क.से.का., नयाँ सडक |
| १२. | श्री आनन्दराम रेग्मी | प्र.क.अ. | आ.रा.का., भैरहवा | क.से.का., महाराजगञ्ज |
| १३. | श्री युगराज पाण्डे | | नयाँ पदस्थापन | आ.रा.का. काठमाडौं क्षेत्र नं. २ |
| १४. | श्री धनीराम शर्मा | प्र.क.अ. | क.से.का., कलंकी | अर्थ मन्त्रालय |
| १५. | श्री राजन खड्का | प्र.क.अ. | क.से.का. चावहिल | आ.रा.का. काठमाडौं क्षेत्र नं. २ |
| १६. | श्री गोपाल कोइराला | प्र.क.अ. | क.से.का. बत्तीसपुतली | आ.रा.का., विराटनगर |
| १७. | श्री गोपिकृष्ण कोइराला | प्र.क.अ. | रा.अ.वि. | क.से.का. चावहिल |
| १८. | श्री लवराज थापा | प्र.क.अ. | रा.अ.वि. | क.से.का. बत्तीसपुतली |
| १९. | श्री रमेश गौतम | प्र.क.अ. | ठूला करदाता कार्यालय | आ.रा.वि. |
| २०. | श्री दीलिप गौतम | प्र.क.अ. | क.से.का. कालिमाटी | आ.रा.का. काठमाडौं क्षेत्र नं. ३ |
| २१. | श्री कृष्णप्रसाद पराजुली | निर्देशक | आ.रा.वि. | आ.रा.का., सिमरा |
| २२. | श्री ईश्वरी अर्याल | प्र.क.अ. | आ.रा.का. काठमाडौं क्षेत्र नं.२ | कञ्चनपुर भन्सार कार्यालय |
| निर्णय मिति २०६९।११।२८ | | | | |
| २३. | श्री मित्रलाल रेग्मी | प्र.क.अ. | आ.रा.का. कञ्चनपुर | भन्सार विभाग |
| २४. | श्री विनोद उपाध्याय | प्र.क.अ. | आ.रा.का. नेपालगञ्ज | रा.अ.वि. |

**२०६९/७० चैत्रसम्मको कार्यालयगत राजस्व संकलन विवरण**

(रू. हजारमा)

| सि.नं | कार्यालय | लक्ष्य | असुली | प्रगति (%) |
|---|---|---|---|---|
| १ | ठूला करदाता | ४१९७८५७८ | ४४००६१८३ | १०५ |
| २ | काठमाडौं क्षेत्र नं १ | ६००७३७९ | ५६५५३४९ | ९४ |
| ३ | काठमाडौं क्षेत्र नं ३ | ५००३८५६ | ४९७९१३३ | १०० |
| ४ | भरतपुर | ४४२६१७६ | ४४६७५१४ | १०१ |
| ५ | सिमरा | ४८०९२३१ | ४२१६८१५ | ८८ |
| ६ | ललितपुर | २८८७४७१ | २९९९९७९ | १०४ |
| ७ | विरगञ्ज | २७१६८२१ | २४३३४७८ | ९० |
| ८ | काठमाडौं क्षेत्र नं २ | २४५८२३१ | २३५६७२६ | ९६ |
| ९ | विराटनगर | २६४५८२३ | २१५९५४६ | ८२ |
| १० | पोखरा | १५२३५५४ | १३८३५६७ | ९१ |
| ११ | बुटवल | ११५२२११ | १११६९१० | ९७ |
| १२ | हेटौंडा | ९५९४०९ | ११०७३८२ | ११५ |
| १३ | भैरहवा | ११७९२३६ | १०८५६३६ | ९२ |
| १४ | भक्तपुर | ९७८४२५ | ९९२७२४ | १०१ |
| १५ | धरान | ९३२९१२ | ९२१९२० | ९९ |
| १६ | नेपालगञ्ज | ८१८१३० | ७८०६५९ | ९५ |
| १७ | भद्रपुर | ५९८९३२ | ६२०४९५ | १०४ |
| १८ | जनकपुर | ५६७२२४ | ५७५७९३ | १०२ |
| १९ | लहान | ५५४४६७ | ५५४६४१ | १०० |
| २० | धनगढी | ४६५०६७ | ४९०३०९ | १०५ |
| २१ | दाङ | ३१७८०६ | ३२४२५९ | १०२ |
| २२ | कृष्णनगर | २९९८६५ | ३०२३४० | १०१ |
| २३ | महेन्द्रनगर | २५९५१८ | २५५९५५ | ९९ |
| | **जम्मा** | **८३,५४०,३२२** | **८३,७८७,३१३** | **१००** |

**आ.व. २०६९/७० चैत्र महिनासम्मको कार्यगत लक्ष्यप्रगतिको आधारमा कार्यालयगत Grading**

| Grading | कार्यालय |
|---|---|
| A++ | **आन्तरिक राजस्व कार्यालयहरु :** ललितपुर, भद्रपुर, धनगढी, भरतपुर, काठमाडौं क्षे.नं.१, र विराटनगर ।<br>**करदाता सेवा कार्यालयहरुः** कालिमाटी र त्रिपुरेश्वर । |
| A+ | **आन्तरिक राजस्व कार्यालयहरु :** काठमाडौं क्षे.नं.३, धरान, काठमाडौं क्षेत्र नं. २, नेपालगञ्ज, हेटौडा र ठूला करदाता ।<br>**करदाता सेवा कार्यालयहरु :** कोटेश्वर, ठमेल, बत्तीसपुतली, पुतलीसडक, नयाँ बानेश्वर, टंगाल र महाराजगञ्ज । |
| A | **आन्तरिक राजस्व कार्यालयहरु :** बुटवल, लहान, वीरगञ्ज, दाङ, महेन्द्रनगर, कृष्णनगर, भक्तपुर, पोखरा, जनकपुर, भैरहवा र सिमरा ।**करदाता सेवा कार्यालयहरु :** कलंकी, बालाजु, नयाँसडक र चावहिल । |

# कार्यगत लक्ष्यप्रगति विवरण सन्तोषजनक

आन्तरिक राजस्व कार्यालयहरुको चालु आ.व.को फागुनसम्मको समग्र कार्यगत लक्ष्यप्रगति सन्तोषजनक रहेको छ । आन्तरिक राजस्व विभागअन्तर्गतका २३ वटा कार्यालयहरुमध्ये ६ वटा कार्यालयहरु समग्र लक्ष्यको ९५ प्रतिशत भन्दा बढी प्रगति गरी A++ मा Grading हुन सफल भएका छन् । त्यसैगरी ८५ प्रतिशतभन्दा बढी प्रगति गर्ने ६ वटा कार्यालयहरु A+ मा, ७५ प्रतिशतभन्दा बढी प्रगति गर्ने ११ वटा कार्यालयहरु A मा Grading भएका छन् । काठमाडौं उपत्यकाका करदाता सेवा कार्यालयहरुतर्फ २ वटा कार्यालयहरु A++ मा, ७ वटा कार्यालयहरु A+ मा र ४ वटा कार्यालयहरु A मा Grading भएका छन् ।

त्यसैगरी आन्तरिक राजस्व कार्यालयहरुको आ. व. २०६९/७० को चैत्र महिनासम्मको राजस्व असुली विवरण अनुसार विभागअन्तर्गतका जम्मा २३ वटा आन्तरिक राजस्व कार्यालयहरुमध्ये १२ वटा कार्यालयहरु यस अवधिको लागि तोकिएको लक्ष्यभन्दा बढी राजस्व संकलन गर्न सफल भएका छन् ।

A++ मा Grading भएका कार्यालयहरुमा आन्तरिक राजस्व कार्यालय ललितपुर, भद्रपुर, धनगढी, भरतपुर, काठमाडौं क्षेत्र नं १ र विराटनगर रहेका छन् । यस्तै A++ मा Grading भएका करदाता सेवा कार्यालयहरुमा कालिमाटी र त्रिपुरेश्वर रहेका छन् ।

A+ मा Grading भएका कार्यालयहरुमा ठूला करदाता, आन्तरिक राजस्व कार्यालय नेपालगञ्ज, हेटौंडा, काठमाडौं क्षेत्र नं ३, काठमाडौं क्षेत्र नं २ र धरान रहेका छन् । यस्तै A+ मा Grading भएका करदाता सेवा कार्यालयहरुमा कोटेश्वर, ठमेल, बत्तीसपुतली, पुतलीसडक, नयाँ बानेश्वर, टंगाल र महारजगञ्ज रहेका छन् ।


कर तिर्नु कानूनी कर्तव्य मात्र होइन, सम्मान पाउने अवसर पनि हो ।

# परिपत्र

**विषय : मूल्य अभिवृद्धि कर ऐन ,२०५२ को दफा ८ (३) को कार्यान्वयन सम्बन्धमा ।**

श्री ठूला करदाता कार्यालय
हरिहरभवन , पुल्चोक , ललितपुर

उपर्युक्त विषयमा मूल्य अभिवृद्धि कर ऐन ,२०५२ को दफा ८ (३) "व्यावसायिक प्रयोजनको लागि निर्माण गरिने पचास लाख रुपैयाँभन्दा बढीको भवन वा अपार्टमेन्ट वा सपिङ कम्प्लेक्स वा विभागले तोकेका यस्तै प्रकारका अन्य संरचना दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भएतापनि त्यस्तो निमार्ण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्नुपर्नेछ । त्यसरी दाखिला नगरेमा सो संरचनाको स्वामित्व रहेका व्यक्तिबाट कर निर्धारण गरी असुल उपर गरिनेछ ।" भन्ने व्यवस्थाको कार्यान्वयनमा एकरुपताको लागि लेखी पठाएको तहाँको प.सं.२०६९/०७० च.नं.३७५ मिति २०६९/०५/२८ र सोही विषयको मिति २०६९/०६/२३ को पत्र समेत प्राप्त भई सो व्यहोरा पेश हुँदा निम्नानुसार गर्न गराउन परिपत्र गर्ने गरी मिति २०७०/०१/०३ मा भएको निर्णयानुसार अनुरोध गरिएको छ ।

**क. व्यावसायिक प्रयोजन र निजी प्रयोजन छुट्याउने सम्बन्धमाः** मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ को परिच्छेद ९ को ९.५ को (ख) मा उल्लेख भए वमोजिम स्वः आवासीय प्रयोजन बाहेक अन्य कुनै पनि प्रकारले सो भवन वा संरचनावाट आय आर्जन गर्ने उद्देश्यले निर्माण गरिएको भवन वा त्यस्तै संरचनालाई व्यावसायिक प्रयोजन मान्ने ।

**ख. व्यावसायिक प्रयोजनका के कस्ता संरचनाहरुलाई दफा ८ (३) को प्रयोजनका लागि करको दायरामा ल्याउने :** व्यावसायिक प्रयोजनको लागि निर्माण गरिने भवन, अपार्टमेन्ट, सपिङ कम्प्लेक्सका अतिरिक्त आयकर ऐन, २०५८ को अनुसूची २ को दफा १ को "क" वर्गमा पर्ने सम्पूर्ण संरचनालाई दफा ८ (३) को प्रयोजनका लागि करको दायरामा ल्याउने । लिजमा निर्माण गरिएका संरचनाहरुलाई पनि यसै अर्न्तगत ल्याउने ।

**ग. करको आधार (करलाग्ने मूल्य):** निर्माण गरिने संरचनाको मूल्यको गणनाको आधार कुल लागत अनुमान हुने । लागत अनुमान नखुल्ने भएमा उक्त सम्पत्तिलाई पुँजीकृत गरिएको मूल्य (Capitalized Value) लाई कर लाग्ने मूल्यको रुपमा गणना गर्ने । भवन वा संरचनाको स्ट्रक्चर, फिनिसिङ, इलेक्ट्रिफिकेशन लगायत संरचनासँग जोडिएका सबै लागतलाई कर लाग्ने मूल्यमा समावेश गर्ने ।

**घ. कर निर्धारण / दाखिलाको समय र कर अवधि :** त्यस्तो सम्पत्ति पुँजीकृत गरिएको महिना वा प्रत्येक आर्थिक वर्षको असार महिना मध्ये जुन अगाडि (Whichever is earlier) हुन्छ त्यसलाई कर अवधि मानी कर निर्धारण र कर दाखिला गर्ने ।

**ङ. निर्माण सामग्री आदिको कर कट्टीः** प्रचलित मूल्य अभिवृद्धि कर ऐन तथा नियमावली वमोजिम कर लाग्ने कारोवार गर्ने दर्तावाल करदाताले निर्माण सामग्री लगायतको कर कट्टीको सुविधा पाउने । तर दर्तावाल तथा बेदर्तावाल दुवै व्यक्तिले संरचनाको करलाग्ने मूल्य गणना गर्दा सम्पूर्ण लागत मूल्यलाई समावेश गर्नुपर्ने, खरिद वा आयातमा मूल्य अभिवृद्धि कर (Input Tax) तिरेको आधारमा त्यसरी कर तिरिएको वस्तु वा सेवाको मूल्य घटाउन नपाउने ।

**च. दण्ड सजाय :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ (३) को आधारमा कर अधिकृतले कर निर्धारण गर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९ (१क) वमोजिम कर बिगोको २५ (पच्चीस) प्रतिशत जरिवाना गर्ने ।

**विषय : कर छुट हुने वस्तु तथा सेवा र मिश्रित कारोवारको ठेक्कामा मू.अ.कर बारे**

श्री कान्ति बाल अस्पताल

महाराजगञ्ज, काठमाडौं ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा उल्लेख भएका कर छुटका वस्तु तथा सेवाको मात्र आपूर्ति गर्ने ठेक्कामा मूल्य अभिवृद्धि कर दर्ता हुनु नपर्ने, मूल्य अभिवृद्धि कर दर्ता भएको व्यक्तिले कर छुटका वस्तु तथा सेवाको मात्र आपूर्ति गर्ने ठेक्कामा भाग लिएमा कर छुटको बिजक जारी गर्न सक्ने, तर कर लाग्ने तथा कर छुट दुवै प्रकारका मिश्रित वस्तु तथा सेवाको आपूर्तिको पूरै ठेक्का मूल्यमा कर लाग्ने हुनाले दर्ता हुनुपर्ने व्यहोरा जानकारी गराउने गरी मिति २०६९।११।१४ मा भएको निर्णयानुसार अनुरोध गरिएको छ ।

**श्री आन्तरिक राजस्व कार्यालय**

नेपालगञ्ज ।

मू.अ.क.ऐन, २०५२ को अनुसूची १ को समूह ३ : जीवजन्तु तथा सोको उपजको खण्ड (घ) मा उल्लेख भए बमोजिमका ताजा वा सुकाएको माछा (प्याकिङ्ग गरिएको बाहेक) मा मूल्य अभिवृद्धि कर छुट हुने र सो वस्तुको मात्र आपूर्तिको लागि ठेक्का बन्दोवस्त गर्दा समेत मूल्य अभिवृद्धि कर छुट हुने हुन्छ भने कर छुट हुने वस्तुका साथै करलाग्ने वस्तुको समेत मिश्रित कारोवारको ठेक्कामा भने सबै रकममा मू.अ. कर लाग्ने हुँदा सोही व्यहोराको जानकारी दिने गरी मिति २०६९।११।१४ मा भएको निर्णयानुसार अनुरोध गरिएको छ ।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन : ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
Website: www.ird.gov.np

**संरक्षक**
टंकमणि शर्मा

**सम्पादक मण्डल**
नरसागर श्रेष्ठ
मदन दहाल
महाराज कोइराला
लक्ष्मी पराजुली
नारायणप्रसाद सुवेदी
शिव शर्मा
ढुण्डीराज दाहाल